परिच्छेद

५

## ५.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घनका तथ्यहरू

# मधेश प्रदेश



# ५.२.१ सप्तरी




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ७,०६,२५५ |
| महिला | ३,५४,८८७ |
| घर परिवार सङ्ख्या | १,४६,८१६ |
| घरजग्गामा महिलाको स्वामित्व | ३७,५६५ |
| साक्षरता प्रतिशत | ६७.६९ |
| आश्रित जनसङ्ख्या | ३,५३,१०३ |
| अपाङ्गता भएका | १०,७८३ |

यस वर्ष सप्तरी जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा तीन जना पुरुष तथा ज्यादतीका घटनामा १ सय ३५ जना महिला र २६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३० जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ९६ जना महिला पीडित भए।

### कुटपिट

#### राज्यपक्षबाट

छिन्नमस्ता गाउँपालिका-२ मोहनपुर निवासी जनता समाजवादी पार्टी नेपालका जिल्ला अध्यक्ष ४० वर्षीय केदारप्रसाद यादवलाई २०७९ चैत २१ गते जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर नवीन थापा मगरले हातपात गरी दायाँ आँखी भौँ फुटाएको भन्दै जसपाका नेता कार्यकर्ताहरूले राजविराजमा विरोध प्रदर्शन गरे। घाइते यादवको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा चैत २१ गते उपचार भयो। प्रहरी हिरासतमा रहेका मञ्जितकुमार यादवलाई रिहा गर्न माग गर्दै प्रहरी कार्यालय पुगेका यादव र प्रहरीबीच विवाद भएको थियो। सो क्रममा ठोक्किएर यादवलाई चोट लागेको प्रहरीले जनायो। प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाको संयोजकत्वमा चैत २२ गते बसेको सर्वदलीय बैठकले इन्स्पेक्टर मगरलाई निलम्बनको सिफारिस गर्ने निर्णय गऱ्यो। आरोपित मगर चैत २१ गते नै मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरधाम सरुवा भए।

राजविराज नगरपालिका-६ निवासी इन्सेक प्रतिनिधि ५२ वर्षीय मनोहरकुमार पोखरेललाई २०८० साउन १५ गते जिल्ला प्रहरी कार्यालय, सप्तरीका असई ४० वर्षीय राजेश्वर महतोले कुटपिट तथा दुर्व्यवहार गरे। अदालतको आदेशपछि पनि उजुरी दर्ता नभएको विषयमा छलफल गरी फर्कँदै गर्दा जिल्ला प्रहरी कार्यालय सप्तरी, प्राङ्गणमा असई महतोले लात्ती र मुक्काले पीडितको मुख र शरीरका अन्य भागमा प्रहार गरेका थिए। पीडितको गजेन्द्रनारायण सिंह अस्पताल, राजविराज र छिन्नमस्ता अस्पतालमा साउन १५ र १६ गते उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालयमा दिएको यातनासम्बन्धी कसुरको उजुरी नलिएपछि असोज १ गते जिल्ला सरकारी वकिल कार्यालयमा निवेदन दिए। जिल्ला सरकारी वकिल कार्यालयले असोज १४ गते जिल्ला प्रहरी कार्यालयलाई उजुरी दर्ता गर्न पत्राचार गऱ्यो। प्रहरीले उजुरी दर्ता गरेन। प्रहरीले भदौ २८ गते आरोपितको दुई वर्ष बढुवा रोक्का गर्ने निर्णय गऱ्यो।

#### अन्य पक्षबाट

इलाका प्रहरी कार्यालय, कञ्चनरूपका असई मुकेश सिंह, बरिष्ठ हवल्दार प्रवीणकुमार झालगायतको खाद्य सामग्री अनुगमन टोलीमाथि २०८० असोज २४ गते कञ्चनरूप नगरपालिका-११ सिमरा टोलका ४१ वर्षीय शशीभुषण राउत र सोही ठाउँका ३७ वर्षीय समरजित राउतले ढुङ्गा प्रहार गरेको भन्दै असई मुकेश सिंहले इलाका प्रहरी कार्यालय, कञ्चनरूपमा प्रतिवेदन जाहेरी दिए। अनुगमन टोलीले समरजितको पसलबाट म्याद गुज्रेका मसलाका पोकाहरू फेला परी

नियन्त्रणमा लिएपछि आरोपितहरूले हुलदङ्गा गरेका थिए। सार्वजनिक शान्ति विरुद्धको कसुर गरेको आरोपमा इलाका प्रहरी कार्यालय, कञ्चनरूपमा असोज २६ गते उजुरी दर्ता भयो। आरोपित असोज २६ गते गिरफ्तार भए। जिल्ला प्रशासन कार्यालयमा असोज ३० गते अभियोग दायर भएकै दिन प्रमुख जिल्ला अधिकारी किरण थापाको इजलासले जनही ७ हजार जरिबानाको फैसला गर्‍यो।

**तालिका ५.२.१.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | | | | ३ | | ३ |
| कुटपिट | | २ | २ | १ | १२ | १३ |
| अमानवीय व्यवहार | | १ | १ | | १ | १ |
| हत्या | | | | ७ | ११ | १८ |
| बाल अधिकार | बाल विवाह | | | ३ | | ३ |
| | विद्यालयमा दिइने शारीरिक सजाय | | | | २ | २ |
| | बलात्कार | | | २२ | | २२ |
| | यौन दुर्व्यवहार | | | ३ | | ३ |
| | जम्मा | | | २८ | २ | ३० |
| महिला अधिकार | घरेलु हिंसा | | | ६३ | | ६३ |
| | 'बोक्सी'को आरोप | | | ५ | | ५ |
| | बलात्कार | | | २१ | | २१ |
| | बलात्कार प्रयास | | | २ | | २ |
| | यौन दुर्व्यवहार | | | ४ | | ४ |
| | बेचबिखन तथा ओसारपसार | | | १ | | १ |
| | जम्मा | | | ९६ | | ९६ |
| **कूल जम्मा** | | ३ | ३ | १३५ | २६ | १६१ |

(स्रोत : इन्सेक, २०२३)

### कारागार र बन्दी

१५ महिलासहित १ सय ५५ जनाको क्षमता भएको जिल्ला कारागारमा पुरुष बन्दी २ सय ५३ र कैदी १ सय ८६ जना छन्। जसमा ३ जना बन्दी र १४ जना कैदी भारतीय नागरिक छन्। २३ महिलामा ८ कैदी र १५ बन्दी छन्। कारागारमा ६५ वर्ष नाघेका ज्येष्ठ नागरिक २० जना र ७० वर्ष उमेर नाघेका आठ जना पुरुष रहेको निमित्त कारागार प्रशासक सदानन्द दासले बताए। स्वास्थ्यकर्मीको दरबन्दी ०७८ पुस मसान्तदेखि रिक्त रहेको छ।

कारागारमा रहेका २५ जना बन्दीको एक वर्षभन्दा बढी समयदेखि मुद्दाको फैसला हुन सकेन। दुई वर्ष भन्दा बढी समयसम्म पुर्पक्षका लागि थुनामा रहेका २५ जना छन्। मो. सइद मन्सुरी र मो. जुमरातीको ६ वर्षदेखि हातहतियार खरखजाना मुद्दाको फैसला भएको छैन।

### कारागारमा मृत्यु

तिरहुत गाउँपालिका-५ का २४ वर्षीय सिन्दु भनिने सिन्धु सदाको गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा उपचारका क्रममा २०७९ चैत २८ गते, महादेवा गाउँपालिका-३ बथनाहाका ५४ वर्षीय मिथलेशकुमार यादवको २०८० वैशाख ७ गते कोशी अस्पताल, विराटनगरमा र राजविराज नगरपालिका-१५ मुसहर्नियाका ६५ वर्षीय नन्दी भनिने नन्दलाल मण्डलको मङ्सिर ५ गते गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा उपचारको क्रममा मृत्यु भयो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

### जिल्ला अदालत

१० जना न्यायाधीश दरबन्दी रहेको सप्तरी जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रिक्त रहेको छ। अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार २२ मध्ये ७ सय १ मुद्दा फैसला भए। बाँकी ३ सय २१ रहे। देवानी मुद्दातर्फ ६ हजार ३१ मध्ये ४ हजार ४ सय ४८ थान मुद्दा फैसला भए भने १ हजार ५ सय ८३ बाँकी रहे। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १८ थान बाँकी छन् भने देवानी मुद्दा १ सय २५ थान बाँकी छन्।

काठमाडौंपछि सबैभन्दा बढी मुद्दाको चाप रहेको सप्तरी जिल्ला अदालतले १० वर्षको अवधिमा आर्थिक वर्ष ०७९/०८० मा सबैभन्दा बढी तथा लक्ष्य भन्दा बढी मुद्दा फैसला गरेको छ। जिल्ला अदालतको प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७९/८० मा ५ हजार ६ सय ३० मुद्दा फैसलाको लक्ष्य लिएकोमा ५ हजार ७ सय ७६ मुद्दा फैसला गरेको छ। प्रमुख जिल्ला न्यायाधीश हेमन्त रावलका अनुसार लक्ष्यको आधारमा १ सय २.५९ प्रतिशत मुद्दा फैसला भयो।

**उच्च अदालत, राजविराज इजलास**

११ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, जनकपुर, राजविराज इजलासमा पाँच जना न्यायाधीशको दरबन्दी रिक्त रहेको छ। सन् २०२३ का लागि जिम्मेवारी सरेका ३ हजार ३ सय ४० मुद्दाहरू मध्ये दुनियाँवादी देवानीका १ हजार २ सय २२ थान, दुनियाँवादी फौजदारीका २ सय ६६ थान, सरकारवादी फौजदारीका ९ सय ६२ थान र सुरु क्षेत्राधिकार १ सय ७ थान मुद्दा छन्। सन् २०२२ का लागि दुनियावादी देवानीका १ हजार ४३ थान, दुनियावादी फौजदारीका २ सय ३७ थान, सरकारवादी फौजदारीका ६ सय २९ थान र सुरु क्षेत्राधिकारबाट १ सय थान मुद्दा जिम्मेवारीमा सरेका थिए।

**बाल अधिकार**

यस वर्ष सप्तरी जिल्लामा यौन दुर्व्यवहारका घटनामा तीन जना, बलात्कारका घटनामा २२ जना बालिका, बालविवाहका घटनामा दुई जना बालिका र विद्यालयमा दिइने शारीरिक सजायका घटनामा दुई जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**शिक्षाको अवस्था**

सप्तरी जिल्लामा ४ सय २२ सामुदायिक विद्यालयहरूमध्ये ३ सय ३० आधारभूत र ८९ ओटा माध्यमिक विद्यालय रहेको शिक्षा विकास तथा समन्वय एकाइ सप्तरीबाट जानकारी भयो। यस वर्ष सामुदायिक तथा संस्थागततर्फ पढ्ने उमेरका ९१ हजार ५ सय ८३ बालक र ८५ हजार ४ सय १४ जना बालिका विद्यालय भर्ना भए। यस वर्ष जिल्लाभर सामुदायिक तथा संस्थागततर्फ २६ हजार ३ सय ४७ जना दलित बालक र २४ हजार ९ सय ६४ जना दलित बालिका विद्यालयमा भर्ना भए। जिल्लामा पाँच ओटा अपाङ्गतामैत्री विद्यालय छन्।

**यौन दुर्व्यवहार**

१४ वर्षीया बालिकालाई २०७९ माघ ८ गते सुरुङ्गा नगरपालिका-४ कदमाहा टोलका ४२ वर्षीय बच्चु भनिने शिवशङ्कर चौधरीले यौन दुर्व्यवहार गरेको भन्दै पीडितका आफन्तले इलाका प्रहरी कार्यालय, कडरबोनामा माघ ९ गते उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ ९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद सुवेदीको ०८० असार २६ गते इजलासले आरोपितलाई कसुदार ठहर गर्दै १ महिना ८ दिन कैद, १० हजार रूपियाँ जरिबाना, १५ हजार रूपियाँ क्षतिपूर्ति र ४ सय रूपियाँ फौजदारी कसुर पीडित राहत कोषमा जम्मा गर्नुपर्ने फैसला सुनायो।

**महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ६७ महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका नौ, खान/लाउन नदिएको आठ, विवाह दर्ता र नागरिकता नबनाएको दुई, दाइजो नल्याएको भनी हेला गरेको दुई र सामान्य घरायसी झगडाको १ सय ४६ घटना छन्। यीमध्ये प्रहरीले ९९ उजुरी मेलमिलाप गरायो भने ४९ उजुरी कारबाही प्रक्रियामा रहेको, दुई अदालत गएको र १७ जना उजुरीकर्ता सम्पर्कविहिन भएको जिल्ला प्रहरी कार्यालय, सप्तरीले जनायो।

यो वर्ष सप्तरी जिल्लामा बलात्कारका घटनामा २१, बलात्कार प्रयासका घटनामा दुई, यौन दुर्व्यवहारका घटनामा चार, बोक्सीको आरोपका घटनामा पाँच, बेचबिखन तथा ओसारपसारको घटनामा एक र घरेलु हिंसाका घटनामा ६३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**बलात्कारपछि हत्या**

४१ वर्षीया महिलाको २०८० वैशाख २४ गते राजविराज नगरपालिका-६ पूर्णी पोखरीटोलका ४२ वर्षीय शङ्कर शर्माले बलात्कार पछि हत्या गरेको भन्दै पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा वैशाख २५ गते उजुरी दिए। पीडितको शव वैशाख २४ गते साँझ फेला परेको थियो। आरोपितलाई प्रहरीले वैशाख २५ गते तिलाठी कोइलाडी गाउँपालिका-१ बाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हेमन्त रावलको भदौ १० गतेको इजलासले आरोपितलाई अभियोग दावी पुग्ने फैसला गर्दै जन्मकैदको सजाय सुनायो।

**घरेलु हिंसा**

राजविराज नगरपालिका-५ स्वर्णटोलकी ३२ वर्षीया करिश्मा चौधरीलाई २०७९ माघ ७ गते ७६ वर्षीय ससुरा शशीकान्त देव, ६२ वर्षीया सासू पूर्णिमा देव र २७ वर्षीय देवर उत्सव देवले घरमा पस्न नदिई घरेलु हिंसा गरेको भन्दै पीडितले जिल्ला अदालतमा माघ १९ गते उजुरी दिइन्। विराट नर्सिङ कलेज,

विराटनगरमा कार्यरत पीडित र निजामती कर्मचारी, अस्पताल काठमाडौँमा कार्यरत ३१ वर्षीय डा. उज्जवल देवले मोरङ जिल्ला अदालतमा ०७५ असोज १९ गते विवाह दर्ता गर्न आवेदन दिएका थिए। हनुमाननगर कङ्कालिनी नगरपालिका-१ भारदहस्थित कङ्कालिनी मन्दिरमा ०७६ असोज २८ गते विवाह गरी घर जाँदासमेत सासूससुराले हप्कीदप्की गर्दै ५० लाख रुपियाँ र विराटनगरको जग्गा मागेको पीडितले बताइन्। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र इङ्नामको इजलासले घरेलु हिंसा ठहर गर्दै आरोपित चारै जनालाई ०८० वैशाख १२ गते जनही ३ हजार रुपियाँ जरिबानाको फैसला गऱ्यो। यसैगरी, अदालतले अंश र प्रतिमहिना १० हजार रुपियाँ मानाचामल भरणपोषण बापत पाउने फैसला गऱ्यो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा राजविराज, हनुमाननगर कङ्कालिनी, कञ्चनरूप, खडक, बोदेबर्साइन, सुरुङ्गा नगरपालिका र रूपनी गाउँपालिकामा गरी सात सरकारी अस्पताल छन्। जिल्लामा १३ हजार ३ सय ५८ नयाँ परिवार सङ्ख्यासहित ३६ हजार ७ सय ६६ परिवारले स्वास्थ्य बीमा गरेको स्वास्थ्य बीमा बोर्ड, सप्तरीका जिल्ला संयोजक नागेश्वर महतोले जानकारी दिए। पुरानामध्ये ५ हजार २ सय ८७ जनाले बीमा नवीकरण गराए।

**तालिका ५.२.१.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बालविवाह | २ | | | १ | ३ |
| विद्यालयमा दिइने शारीरिक सजाय | | १ | | | १ |
| बलात्कार | २ | | ५ | १५ | २२ |
| यौन दुर्व्यवहार | १ | | १ | १ | ३ |
| जम्मा | ५ | १ | ६ | १७ | २९ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| घरेलु हिंसा | ५ | ६ | २ | ४९ | ६२ |
| 'बोक्सी'को आरोप | | | | ५ | ५ |
| बलात्कार | | | ८ | १३ | २१ |
| बलात्कार प्रयास | | | | २ | २ |
| यौन दुर्व्यवहार | १ | | | ३ | ४ |
| बेचबिखन तथा ओसारपसार | | | | १ | १ |
| जम्मा | ६ | ६ | १० | ७३ | ९५ |

**मारिएकको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | २ | २ | १४ | १८ |

(स्रोत : इन्सेक, २०२३)

# ५.२.२ सिरहा

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ७,३९,९५३ |
| महिला | ३,७६,२२९ |
| घर परिवार सङ्ख्या | १,४८,५४९ |
| घरजग्गामा महिलाको स्वामित्व | ३७,७३६ |
| साक्षरता प्रतिशत | ६५.११ |
| आश्रित जनसङ्ख्या | ३,८९,२०५ |
| अपाङ्गता भएका | ११,९४५ |

यस वर्ष सिरहा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना पुरुष तथा ज्यादतीका घटनामा २ सय ११ जना महिला र १३ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४० जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय ६६ जना महिला पीडित भए।

## यातना

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-९ घर भइ जिल्ला प्रहरी कार्यालय सिरहामा कार्यरत २६ वर्षीय प्रहरी जवान अनु रायलाई ०८० असार २५ गते ३४ वर्षीय इन्स्पेक्टर हेमन्त राईले कार्यालयमा यातना दिएको पीडितले आरोप लगाए। ड्युटीपछि राति ३ बजे कार्यालयम फर्किएर आएको र केही समय आराम गर्न पाउँ भनी हवल्दारसँग अनुरोध गरेकोमा उनले इन्स्पेक्टर हेमन्त राईसँग कुरा गर्न भनेका थिए। तर, इन्सपेक्टरले कुरा नसुनी कुटपिट गरेको पीडितको आरोप छ। असार २५ गते रातिबाट २६ गते दिनभर थुनामा राखिएको पीडितले बताए। असार २७ गते मधेश प्रहरी कार्यालयका डिआइजी निरीक्षणमा आएका बेलामा निर्देशन दिए पनि असार २७ गते ६ बजे मात्र




थुनामुक्त भए। प्रदेश कार्यालयका डिएसपी ज्ञानकुमार महतोको नेतृत्वमा छानबिन समिति बनाइएको भए पनि सो समितिले गरेको छानबिनको निष्कर्ष वर्षको अन्त्यसम्म सार्वजनिक गरिएन।

## अमानवीय व्यवहार

### अन्य पक्षबाट

गोलबजार नगरपालिकाका नगरप्रमुख ५० वर्षीय श्यामकुमार श्रेष्ठमाथि ०७९ चैत १४ गते नहरा गाउँपालिका-४ का ४३ वर्षीय साधुशरण महराले मोबिल छ्यापी अमानवीय व्यवहार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय, सिरहामा चैत १५ गते पीडितले उजुरी दिए। जिल्ला सदरमुकाम जान गोलबजार नगरपालिकाको कार्यालयबाट गाडी चढ्दै गरेका बेला पीडितमाथि आरोपितले मोबिल छ्यापेका थिए। घटनास्थलमा नेपाल कम्युनिष्ट पार्टी (बहुमत) को पर्चासमेत भेटिएको थियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतको २०८० वैशाख ११ गते आदेशमा ५० हजार रुपियाँ धरौटीमा रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## कारागार र बन्दी

जिल्ला कारागारमा महिला १५ र पुरुष १ सय ३५ गरी १ सय ५० जनाको क्षमता रहेको छ। कारागारमा कैदीबन्दी ५ सय ४१ जना छन्। जसमा महिला २६ र पुरुष ५ सय १५ रहेका छन्। कारागारमा दुई जना आश्रित बालक छन्। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक जना स्वास्थ्यकर्मी कार्यरत छन्। कारागारमा पाँच जना जटिल मानसिक रोगको औषधि उपचार गराइरहेका छन्। कारागारमा १३ जना ज्येष्ठ नागरिक रहेको कारागारका सूचना अधिकारी राजगिर साहले बताए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

नौ जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रिक्त रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार ३ सय ९८ थान मध्ये १ हजार ७९ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ६ हजार ४१ थान मध्ये २ हजार ८ सय ७४ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ३ सय ५ थान र देवानी मुद्दा ४ सय ७३ थान बाँकी छन्।

## बाल अधिकार

यस वर्ष सिरहा जिल्लामा यौन दुर्व्यवहारको घटनामा १२ जना, बलात्कारका घटनामा २४ जना बालिका, बालविवाहको घटनामा एक जना बालिका र विद्यालयमा दिइने शारीरिक सजायका घटनामा तीन जना बालक पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

## शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ३३ आधारभूत र आठ माध्यमिक विद्यालय छन्। यस वर्ष ७३ हजार १ सय ७६ बालक र ७४ हजार ३ सय ७७ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ७५ बालिका र ४९ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय दुई ओटा रहेका शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख शशी यादवले बताए। द्वन्द्वपीडित परिवारका चार जना बालबालिकाले ५८ हजार छात्रवृत्ति पाए। २३ हजार २ सय ८४ दलित बालक र २२ हजार ८ सय ७४ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका १ सय ३७ जना बालबालिकामध्ये आधारभूत तहमा प्रति विद्यार्थी ८ हजार रुपियाँ र माध्यमिक तहकाले १२ हजार रुपियाँ छात्रवृत्ति पाए। सहिद परिवारका एक जनाले १८ हजार छात्रवृत्ति पाए।

**तालिका ५.२.२.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | | | | १ | | १ |
| कुटपिट | | | | २ | ५ | ७ |
| अमानवीय व्यवहार | | | | | २ | २ |
| हत्या | | | | ५ | ३ | ८ |
| यातना | | १ | १ | | | |
| बाल अधिकार | बालविवाह | | | १ | | १ |
| | विद्यालयमा दिइने शारीरिक सजाय | | | | ३ | ३ |
| | बलात्कार | | | २४ | | २४ |
| | यौन दुर्व्यवहार | | | १२ | | १२ |
| | जम्मा | | | ३७ | ३ | ४० |
| महिला अधिकार | घरेलु हिंसा | | | १३९ | | १३९ |
| | बलात्कार | | | १८ | | १८ |
| | बलात्कार प्रयास | | | ८ | | ८ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | जम्मा | | | १६६ | | १६६ |
| **कूल जम्मा** | | १ | १ | २११ | १३ | २२४ |

(स्रोत : इन्सेक, २०२३)

## विद्यालयमा दिइने शारीरिक सजाय

मिर्चैया नगरपालिका-१० का १३ वर्षीय बालकलाई ०८० असोज १२ गते मिर्चैया नगरपालिका-७ स्थित अक्षर पाठशालाका प्रधानाध्यापक कर्जन्हा नगरपालिका-१० का ४० वर्षीय चन्द्रदीप साहले पाइपले कुटपिट गरेको पीडित बालकका काका अजय मण्डलले बताए। पीडित बालकले आमालाई घटनाबारे बताएपछि उपचारको लागि मिर्चैयास्थित मंगलम अस्पतालमा भर्ना गरिएको थियो। इलाका प्रहरी कार्यालय, मिर्चैयाका डिएसपी जितेन्द्र बस्नेतले घटनाको बारेमा जानकारी भए पनि उजुरी नआएकोले कारबाही प्रक्रिया अगाडि बढाउन नसकेको बताए। मिर्चैया नगरपालिकाका प्रमुख श्रवण यादवको अध्यक्षतामा असोज १४ गते बसेको बैठकले पीडितलाई उपचार खर्चबाहेक ५ लाख रुपियाँ छात्रवृत्ति रकम दिने निर्णय गर्‍यो।

## महिला विरुद्ध हुने सबै किसिमका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ हजार २३ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी

दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ७ सय, खानलाउन नदिएका १ सय २८, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका नौ जना, अर्की पत्नी ल्याएर हेला गरेको १३, दाइजो नल्याएको भनी हेला गरेको दुई र सामान्य घरायसी झगडाका १ सय ७३ उजुरी छन्। यीमध्ये ७ सय १५ ओटामा मेलमिलाप, ५५ उजुरी कारबाही प्रक्रियामा रहेको र बाँकी उजुरीकर्ता सम्पर्कमा नआएको जिल्ला प्रहरी कार्यालयका डिएसपी रवीन्द्रराज पाण्डेले बताए।

यो वर्ष सिरहा जिल्लामा बलात्कारका घटनामा १८, बलात्कार प्रयासका घटनामा आठ, यौन दुर्व्यवहारका घटनामा एक र घरेलु हिंसाका घटनामा १ सय ३९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### पारिवारिक हत्या

धनगढीमाइ नगरपालिका-६ की ७२ वर्षीया दरपीदेवी कोइरीलाई ०७९ पुस २० गते ५० वर्षीया बुहारी चन्दादेवी महतोले हत्या गरेको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय, लहानमा पुस २० गते उजुरी दियो। घरायसी विवादमा आरोपितले भाटाले कुटपिट गर्दा आमाको मृत्यु भएको इलाका प्रहरी कार्यालय, लहानमा मृतकका छोरा रामनरायण महतोले दिएको उजुरीमा उल्लेख छ। शवको पोष्टमार्टम प्रादेशिक अस्पताल, लहानमा पुस २० गते भयो। जिल्ला अदालतको आदेशमा आरोपित माघ १० गतेदेखि पुर्पक्षका लागि थुनामा छिन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### बलात्कार प्रयास

३५ वर्षीया महिलालाई ०७९ चैत १३ गते गोलबजार नगरपालिका-६ का २८ वर्षीय रमेशकुमार यादवले बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय, गोलबजारमा चैत १५ गते उजुरी दियो। आरोपितलाई चैत १५ गते गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय गोलबजारका इन्स्पेक्टर डुपेन्द्रबहादुर बुढाथोकीले बताए। जिल्ला अदालतका न्यायाधीश लीलाराज अधिकारीको इजलासले कसुर ठहर गर्दै आरोपितलाई ३ वर्ष ६ महिना कैदको फैसला गऱ्यो। साथै आरोपितले पटकपटक कसुर गरेको ठहर गर्दै पटके कसुरमा थप २ वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्तिको समेत फैसला गऱ्यो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### तोडफोड

सडक बिस्तारका लागि भन्दै घर तथा पसलहरू भत्काएको विरोधमा मिर्चैया नगरपालिकाको भवनमा ०८० वैशाख ७ गते सुकुम्बासी र व्यापारीहरूले ढुङ्गा प्रहार गरी तोडफोड गरे। आक्रोशित स्थानीयहरूले मिर्चैया नगरपालिकाको गेट तोडफोड गर्न थालेपछि प्रहरीले ११ सेल अश्रुग्यास, हवाइफायर, सटगन तथा रबरको गोली प्रहार गरेको डिएसपी हरिकृष्ण केसीले बताए। आन्दोलनकारीहरूको ढुङ्गा प्रहारबाट ३६ वर्षीय प्रहरी सहायक हवल्दार धिरेन्द्रप्रसाद यादव घाइते भए। टाउकोमा चोट लागेका उनको स्थानीय अस्पतालमा उपचार भयो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, चार सामुदायिक अस्पताल, १ सय २ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ३० आधारभूत स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा दुई जनाको दरबन्दी रिक्त छ। जिल्लामा ४ हजार जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा २ हजार १ सय ३१ जनाको बीमा गरिएको छ। जिल्लाको जनसङ्ख्याको आधारमा स्वास्थ्य केन्द्र र डाक्टर अपुग रहेको स्वास्थ्य बीमा कार्यालयका अधिकृत पशुपति चौधरीले बताए।

**तालिका ५.२.२.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बालविवाह | | | | १ | १ |
| विद्यालयमा दिइने शारीरिक सजाय | १ | १ | | १ | ३ |
| बलात्कार | | | १५ | १० | २५ |
| यौन दुर्व्यवहार | | | ५ | ५ | १० |
| जम्मा | १ | १ | २० | १७ | ३९ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| घरेलु हिंसा | १ | १२५ | ४ | ९ | १३९ |
| बलात्कार | | | १० | ८ | १८ |
| बलात्कार प्रयास | १ | | ५ | २ | ८ |
| यौन दुर्व्यवहार | | | | १ | १ |
| जम्मा | २ | १२५ | १९ | २० | १६६ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | ७ | ८ |

(स्रोत : इन्सेक, २०२३)

# ५.२.३ धनुषा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ८,६७,७४७ |
| महिला | ४,३७,८५४ |
| घर परिवार सङ्ख्या | १,७७,०९१ |
| घरजग्गामा महिलाको स्वामित्व | ५२,३५९ |
| साक्षरता प्रतिशत | ६५.२२ |
| आश्रित जनसङ्ख्या | ४,५९,५५५ |
| अपाङ्गता भएका | १३,२३१ |

यस वर्ष धनुषा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा चार जना महिला र आठ जना पुरुष तथा ज्यादतीका घटनामा १ सय ११ जना महिला र ११ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ११ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ९१ जना महिला पीडित भए।

**झडप**

मिथिला बिहारी नगरपालिका-३ मिथिलेश्वर मौवाही घर भई जनकपुरधाम उपमहानगरपालिका-९ थापा चोक बस्ने २२ वर्षीया आरतीकुमारी साहको २०८० जेठ ७ गते दाइजोका कारण हत्या भएको र घटनामा संलग्न आरोपितहरूलाई प्रहरीले जोगाउन खोजेको भन्दै पीडित (माइती) पक्षले जिल्ला अदालत अगाडि असार ५ गते प्रदर्शन गर्दै ढुङ्गा प्रहार गरे। स्थिति नियन्त्रणमा लिन प्रहरीले लाठीचार्ज गर्दा नगराइन नगरपालिका-८ खिरखिरिया टोलका ३२ वर्षीया लीला देवी, ३१ वर्षीय कृष्ण साह र ३६ वर्षीय प्रवीण साह घाइत भए। घाइतेहरूको प्रादेशिक अस्पताल, जनकपुरधाममा उपचार भयो। जिल्ला अदालत अगाडि प्रदर्शनका क्रममा प्रहरीले नगराइन नगरपालिका-८ खिरखिरिया टोलका ३७ वर्षीय गोविन्द साहलाई असार ५ गते गिरफ्तार गरेकोमा असार ६ साँझ रिहा भए।

**यातना तथा दुर्व्यवहार**

नगराइन नगरपालिका-८, खिरखिरीया गाउँ बस्ने १९ वर्षीया मनिषा साह, २५ वर्षीय धिरज भनिने प्रेम साह, ४९ वर्षीय विनोद साह, ४३ वर्षीय निर्मला साह र जनकपुरधाम उमनपा-११ का ४५ वर्षीय सन्तोष साहलाई ०८० जेठ ३२ गते दिउँसो जिल्ला प्रहरी कार्यालयमा कुटपिट गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय, धनुषाका एसपी विश्वराज खड्का डिएसपी वेदप्रसाद गौतमलगायत विरुद्ध पीडित मनिषाले २०८० असार १५ गते हुलाक मार्फत उजुरी पठाइन्। हुलाक मार्फत प्राप्त उजुरी कार्यालयमा दर्ता गरी असार ३१ गते आवश्यक कार्यार्थ जिल्ला प्रहरी कार्यालय, धनुषा पठाइएको जिल्ला सरकारी वकिल कार्यालयले जनायो। आरती साहको मृत्युको घटनाबारे जानकारी दिन तथा कानुनी परामर्शका लागि पीडितको परिवार जिल्ला प्रहरी कार्यालय गएको थियो। 'मेरो परिवारको पाँच जनालाई जेठ ३२ गते अन्दाजी ३ बजे गिरफ्तार गरी राती ९:३० बजेसम्म प्रहरी अधिकारीले यातना तथा अपमानजन्य व्यवहार गरेको' पीडित मनिषाले दिएको जाहेरीमा उल्लेख छ । घटनामा घाइते सबैको प्रदेश अस्पताल, जनकपुरमा उपचार भयो।

| तालिका ५.२.३.१ | घटनाको प्रकार अनुसार पीडित सङ्ख्या |
|---|---|

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | १ | ३ | ४ | २ | ४ | ६ |
| अमानवीय व्यवहार | | | | | २ | १ | ३ |
| घाइते | | | २ | २ | | १ | १ |
| हत्या | | | | | ६ | ४ | १० |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | २ | ३ | ५ | | | |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | | १ | | १ |
| | विद्यालयमा दिइने शारीरिक सजाय | | | | | १ | १ |
| | बलात्कार | | | | ८ | | ८ |
| | यौन दुर्व्यवहार | १ | | १ | १ | | १ |
| | जम्मा | १ | | १ | १० | १ | ११ |
| महिला अधिकार | घरेलु हिंसा | | | | ८३ | | ८३ |
| | 'बोक्सी'को आरोप | | | | १ | | १ |
| | बलात्कार | | | | ६ | | ६ |
| | बलात्कार प्रयास | | | | १ | | १ |
| | जम्मा | | | | ९१ | | ९१ |
| **कूल जम्मा** | | ४ | ८ | १२ | १११ | ११ | १२२ |

(स्रोत : इन्सेक, २०२३)

सो दिन प्रहरीबाट कुटपिट तथा दुर्व्यवहार गरेको भन्दै पीडित पक्षको तर्फबाट मनिषा साहले अर्को उजुरी जिल्ला प्रहरी कार्यालयमा दिएको यातना क्षतिपूर्तिको उजुरी साउन २ गते जिल्ला प्रहरी कार्यालयमा दर्ता गरिन्। राष्ट्रिय मानव अधिकार आयोगमा पीडित पक्षले यातनाको उजुरी दियो। आयोगको एक टोलीले स्थलगत अनुगमन तथा अनुसन्धान गऱ्यो। शवको पोष्टमार्टम जेठ ८ गते गरिएको थियो। मृतकका माइती पक्षको बिना सहमति पोष्टमार्टम गरी सद्गत गर्ने कार्यमा हतार गरिएको एवम् अन्य त्रुटि भएको पीडित पक्षले आरोप लगाएको थियो।

मानव अधिकार आयोगले घटनामा जिल्ला प्रहरी कार्यालय धनुषाका एसपी विश्वराज खड्का, डिएसपी वेदप्रसाद गौतम, इन्स्पेक्टर दिनेश अधिकारी र पोष्टमार्टम गर्ने चिकित्सकहरू डा. अवधेशकान्त झा, डा. दिग्विजय ठाकुर र डा. दिपेन्द्रकुमार सिंह समेतको लापरवाहीजन्य कार्य जिम्मेवार रहेको तथ्य मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि हुन आएको निष्कर्ष सहित पीडित परिवारलाई ४ लाख रुपियाँ क्षतिपूर्ति दिन सिफारिस गऱ्यो। मेडिकल काउन्सिलको साउन २६ को पूर्ण बैठकले पोष्टमार्टम कार्यमा त्रुटि भएको भन्दै तीनै जना डाक्टरलाई सचेत गराउँदै अन्तिम चेतावनी दियो।

आरती साह घटना प्रकरणको छानविन गर्न नेपाल प्रहरी प्रधान कार्यालयले २०८० साउन १२ गते नेपाल प्रहरीका डिआइजी विकास खनालको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गऱ्यो। समितिको सदस्यहरूमा एसएसपी शेखर खनाल, डिएसपी विष्णु सोती, इन्स्पेक्टर पर्शुराम घिमिरे र वरिष्ठ सई अरुण दाहाल रहेका थिए। घटनाको छानविन गरेर प्रहरी प्रधान कार्यालयमा प्रतिवेदन तत्काले बुझाइ सकिएको समितिका संयोजक विकास खनालले जानकारी गराए पनि यो वर्षको अन्त्यसम्म प्रतिवेदन सार्वजनिक गरिएन।

## सुगम तथा निश्पक्ष न्यायिक अधिकार

### जिल्ला अदालत

नौ जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा एक जना न्यायाधीशको पद रिक्त रह्यो। यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार २ सय ९५ थानमध्ये १ हजार ३ सय १ थान मुद्दा फैसला भए।

देवानी मुद्दातर्फ ६ हजार १ सय ५४ थानमध्ये ३ हजार ८ सय २९ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा २ सय ६ थान र देवानी मुद्दा ३ सय ९८ थान बाँकी छन्।

**उच्च अदालत**

१२ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा चार जना न्यायाधीशको दरबन्दी रिक्त रहेको छ। यस वर्षका लागि दुनियावादी देवानीका ९ सय ५४ थान, दुनियावादी फौजदारीका १ सय ७९ थान, सरकारवादी फौजदारीका ७ सय २३ थान र सुरु क्षेत्राधिकारबाट १ सय २४ थान मुद्दा जिम्मेवारी सरेका थिए। यो वर्ष दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ ३ सय ९ थान उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत ५ सय १८ थान मुद्दा फैसला भए।

**बाल अधिकार**

यस वर्ष धनुषा जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई जना, बलात्कारका घटनामा आठ जना बालिका, बेचबिखन तथा ओसारपसारको घटनामा एक जना बालिका र विद्यालयमा दिइने शारीरिक सजायको घटनामा एक जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**शिक्षाको अवस्था**

यस जिल्लामा ४८ आधारभूत र ७९ माध्यमिक विद्यालय छन्। यस वर्ष ९० हजार ३ सय ८८ बालक र ८४ हजार २ सय ६३ बालिका विद्यालय भर्ना भए। जसमा अपाङगता भएका ९८ बालिका र ७२ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय दुई ओटा छन्। यो वर्ष द्वन्द्वपीडित परिवारका ५४ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यसवर्ष जिल्लाभर १९ हजार ७ सय ८० दलित बालक र २० हजार २ सय ३४ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका चार जना बालबालिकाले छात्रवृत्ति पाए।

**बलात्कारपछि हत्या**

६ वर्षीया बालिकाको बलात्कारपछि हत्या गरेको आरोपमा हंसपुर नगरपालिका सोनिगामा घर भई सबैला नगरपालिका-९ कुसमाहाका ३१ वर्षीय विनोदकुमार राय र सोही ठाउँका २४ वर्षीय रोसनकुमार मुखियालाई ०८० मङ्सिर २८ गते जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। पीडित बालिका मङ्सिर २७ गते हराएकी थिइन्। बालिकाको शव मङ्सिर २८ गते बेलुका ७ बजे सतोखर पोखरी नजिकै पानी जमेको खाल्डोमा नग्न अवस्थामा फेला परेको थियो। घटनाको अनुसन्धान भइरहेको डिएसपी रञ्जन आवाले बताए।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ८ सय ६८ जना महिलाले महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ५१, खानलाउन नदिएका १ सय ४७, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका २७, दाइजो नल्याएको भनी हेला गरेको १३ र सामान्य घरायसी झगडाका २ सय १४ उजुरी छन्। यी मध्ये प्रहरीले ७ सय ७१ ओटामा मेलमिलाप गरायो भने ९७ ओटा उजुरीका पीडित तथा आरोपित पक्ष सम्पर्कमा नआएको जिल्ला प्रहरी कार्यालयका प्रहरी जवान सिमृत चौधरीले बताए।

यो वर्ष धनुषा जिल्लामा बलात्कारका घटनामा ६, बलात्कार प्रयासको घटनामा एक, बोक्सीको आरोपको घटनामा एक र घरेलु हिंसाका घटनामा ८३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**दाइजोका कारण हत्या**

धनुषा जिल्ला मिथिला बिहारी नगरपालिका-३ घर भई जनकपुरधाम उपमहानगरपालिका- ९, थापाचोक बस्ने २३ वर्षीया आरतीकुमारी साहको दाइजोको कारण ०८० जेठ ७ गते हत्या गरेको आरोपमा प्रहरीले पति ३२ वर्षीय मोतीबाबु साह र ससुरा ७० वर्षीय मदनमोहन साहलाई जेठ ८ गते गिरफ्तार गऱ्यो। आरोपित उनीहरूविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय, धनुषामा जेठ ८ गते उजुरी दिएको थियो। उनीहरू विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय, धनुषाले ०८० असार १ गते जिल्ला अदालत, धनुषामा कर्तव्य ज्यानसम्बन्धी मुद्दा दायर गऱ्यो। उक्त मुद्दामा थुनछेक बहसपछि असार ५ गते जिल्ला अदालतले आरतीका पति र ससुरालाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको थियो। तर, आरोपितहरूले जिल्ला अदालतको फैसला बदर गर्न माग गर्दै उच्च अदालत, जनकपुरधाममा दायर गरेको रिटमा उच्च अदालतका मुख्य न्यायाधीश सारङ्गा सुवेदी र किरणकुमार पोखरेलको ०८० असोज १८

गतेको संयुक्त इजलासले प्रमाण नपुगेको भन्दै आरतीका पति मोतिबाबु साह र ससुरा मदनमोहन साहलाई साधारण तारेखमा रिहा गर्ने आदेश दियो। उच्च अदालतको उक्त आदेश विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय, धनुषाले सर्वोच्च अदालतमा पुनरावेदन निवेदन दिएको थियो। सर्वोच्च अदालतका न्यायाधीश नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको ०८० मङ्सिर २० गतेको संयुक्त इजलासले आरती साहका पति मोतिबाबुलाई थुनामा पठाउने र ससुरा मदनमोहनलाई १ लाख रुपियाँ धरौटी राखेर रिहा गर्न आदेश दियो। सर्वोच्चको आदेशपछि आरतीका पति मोतीबाबु साहलाई ०८० पुस ९ गते जनकपुरधामको सीता चोकस्थित सगुन होटेलबाट जिल्ला प्रहरी कार्यालय, धनुषाले गिरफ्तार गर्‍यो।

आरती र मोतीबाबुबिच ०७७ असार २९ गते विवाह भएको थियो। विवाहमा दाइजो नदिएकै कारण आरतीको हत्या भएको पीडित परिवारले बताउँदै आएको छ। आरतीको परिवार घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने लगायतका माग गर्दै काठमाडौँमा अनसनरत छ।

**'बोक्सी'को आरोप**

औरही गाउँपालिका-१ झिटकैहीया टोलकी ५५ वर्षीया बिल्टीदेवी यादवलाई असोज ११ गते राति औरही गाउँपालिका-१ झिटकैहीयाका ३२ वर्षीय रामनाथ यादव र उनका ४० वर्षीय दाजु रामजी यादवले 'बोक्सी'को आरोपमा कुटपिट गरी घाइते बनाएको आरोपमा पीडित पक्षले जिल्ला प्रहरी कार्यालय, धनुषामा असोज १२ गते उजुरी दियो। आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, १ सय ७२ स्वास्थ्य चौकी, तीन शहरी स्वास्थ्य चौकी, २२ नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा ४७ जना विशेषज्ञको दरबन्दीमा २६जनाको दरबन्दी रिक्त छ। जिल्लामा ६ हजार ४ सय जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा १ सय ७७ जनाको बीमा गरिएको छ।

**तालिका ५.२.३.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| विद्यालयमा दिइने शारीरिक सजाय | १ | | | १ |
| बलात्कार | | २ | ६ | ८ |
| यौन दुर्व्यवहार | | | २ | २ |
| जम्मा | १ | २ | ९ | १२ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | ६९ | २ | १२ | ८३ |
| 'बोक्सी'को आरोप | | १ | | १ |
| बलात्कार | १ | १ | ४ | ६ |
| बलात्कार प्रयास | | | १ | १ |
| जम्मा | ७० | ४ | १७ | ९१ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ६ | ३ | ९ |

(स्रोत : इन्सेक, २०२३)

# ५.२.४ महोत्तरी

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ७,०६,९९४ |
| महिला | ३,५७,८३५ |
| घर परिवार सङ्ख्या | १,३७,८८६ |
| घरजग्गामा महिलाको स्वामित्व | ३४,९७२ |
| साक्षरता प्रतिशत | ५९.७७ |
| आश्रित जनसङ्ख्या | ३,८०,४१६ |
| अपाङ्गता भएका | ११,०४५ |




यस वर्ष महोत्तरी जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा तीन जना महिला र नौ जना पुरुष पीडित भएको घटना इन्सेकले अभिलेख गऱ्यो । जसमा गिरफ्तारी घटनामा पाँच जना पुरुष, घाइतेमा तीन जना महिला र चार जना पुरुष पीडित रहेको इन्सेकले अभिलेख गऱ्यो। ज्यादतीका घटनामा २ सय १२ जना महिला र १९ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २ सय ५ जना महिला पीडित भए।

## गोलीबाट घाइते

### राज्यपक्षबाट

सर्लाही जिल्ला लालबन्दी नगरपालिका-२ का ३५ वर्षीय शक्तिकुमार पासवान र ३२ वर्षीय अजय पासवानलाई ०८० कात्तिक २९ गते रौतहटबाट गिरफ्तार गरी महोत्तरी ल्याउँदै गर्दा नियन्त्रणबाट भाग्न खोजेपछि प्रहरीले गोली प्रहार गऱ्यो। विभिन्न स्थानमा भएको लुटपाटको घटनामा संलग्न रहेका आरोपमा उनीहरूलाई रौतहटको गरुडा नगरपालिका-४ पानीटयाङ्की नजिकबाट प्रहरीले गिरफ्तार गरेको थियो। महोत्तरीको सोनमा गाउँपालिका-५ खैरबनीमा सर्लाही महोत्तरी प्रहरीलाई आरोपित जिम्मा लगाउन खोज्दा उनीहरू भाग्न खोजेपछि प्रहरीले गोली चलाएको जिल्ला प्रहरी कार्यालय, महोत्तरीका डीएसपी दिलिपकुमार गिरीले बताए। तिघ्रामा गोली लागेका घाइतेहरूको उपचार जलेश्वर अस्पतालमा भयो। प्रहरीले आरोपितहरू विरुद्ध पुस २९ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रामचन्द्र खड्काको माघ ३ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

## झडपमा घाइते

गौशाला नगरपालिका-४ स्थित रजखोर गाउँमा स्थानीय र प्रहरीबीच ०८० वैशाख ११ गते झडप हुँदा पाँच जना सुरक्षाकर्मी घाइते भए। गौशाला

नगरपालिका-४ मलहनिया पोखरी रजखोरकी २६ वर्षीया आरती साहलाई ३८ वर्षीय पति उमेश साह, २६ वर्षीया नन्द आशाकुमारी साहसहित घर परिवारले हत्या गरेको भन्दै स्थानीयले गरेको विरोध प्रदर्शनका क्रममा प्रहरी र स्थानीयबीच झडप भएको थियो। प्रदर्शनकारीले आरोपितको घरमा तोडफोड र परिवारका अन्य सदस्यहरूलाई कुटपिट गर्ने प्रयास गरेकाले स्थिति नियन्त्रणमा लिन सुरक्षाकर्मीले १३ राउण्ड अश्रुग्याँस र नौ राउण्ड हवाइफायर गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी दिलीपकुमार गिरीले बताए। घटनामा इलाका प्रहरी कार्यालय, गौशालाका इन्स्पेक्टर मनोजकुमार यादव, प्रहरी हवल्दार राजन सिंह, प्रहरी जवान राजेश रायकुर्मी र सशस्त्र प्रहरी बेसक्याम्पका इन्स्पेक्टर शङ्कर थापा, हबल्दार हरि मगर घाइते भएको उनले बताए। आरती साहलाई वैशाख ८ गते विष खुवाइ हत्या गरेको आरोपमा प्रहरीले सोही दिन उनका पति उमेश साहलाई गिरफ्तार गरेको थियो।

**तालिका ५.२.४.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | | ५ | ५ | | | |
| कुटपिट | | | | | २ | ११ | १३ |
| अमानवीय व्यवहार | | | | | | १ | १ |
| घाइते | | ३ | ४ | ७ | | २ | २ |
| हत्या | | | | | १ | १ | २ |
| जातीय विभेद | | | | | | ४ | ४ |
| बाल अधिकार | बलात्कार | | | | ४ | | ४ |
| | जम्मा | | | | ४ | | ४ |
| महिला अधिकार | घरेलु हिंसा | | | | २०१ | | २०१ |
| | 'बोक्सी'को आरोप | | | | ३ | | ३ |
| | बलात्कार | | | | १ | | १ |
| | जम्मा | | | | २०५ | | २०५ |
| **कूल जम्मा** | | ३ | ९ | १२ | २१२ | १९ | २३१ |

(स्रोत : इन्सेक, २०२३)

सोनमा गाउँपालिका-२ स्थित श्री सरस्वती जनता माध्यमिक विद्यालयमा शिक्षक सरुवाको विषयलाई लिएर विद्यार्थीहरूले २०८० भदौ १९ गते गरेको विरोध प्रदर्शनमा प्रहरी र प्रर्दशनकारीबीच झडप हुँदा सशस्त्र प्रहरी जवान २५ वर्षीय प्रकाश यादव, नेपाल प्रहरीका जवान ३१ वर्षीय फुलगेन मण्डल र विद्यार्थीहरू १३ वर्षीया सन्ध्या यादव, १५ वर्षीया खुश्बू सिंह, १५ वर्षीया कल्पना यादव, १३ वर्षीय अंकुश यादव र १४ वर्षीय गणेश यादव घाइते भए। घाइतेहरूलाई उपचारका लागि जानकी एकेडेमी पर्सा, रामगोपालपुरमा लगिएकोमा पाँच जना विद्यार्थीमध्ये चार जना भदौ २२ गते डिस्चार्ज भए भने सन्ध्या यादवको थप उपचार रामजानकी अस्पताल, जनकपुरमा भदौ २२ गतेदेखि ३० गतेसम्म भयो।

## कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता १ सय ३५ जनाको भए पनि कारागारमा ५ सय ८७ जना पुरुष कैदीबन्दी छन्। महिला कैदीबन्दी भवन जीर्ण रहेको कारण महिला कैदीबन्दीहरूलाई अन्य कारागार पठाउने गरेको कारागारका सूचना अधिकारी रविनचन्द्र ठाकुरले बताए। ५ सय ८७ जना कैदीबन्दीहरू सुत्न र बस्नका लागि तीन ओटा हल रहेको एक जना कैदीले बताए। कैदीबन्दीको स्वास्थ्य जाँचका लागि हेल्थ असिस्टेन्टको दरबन्दी रहेको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा सात जना न्यायाधीशको दरबन्दी रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार २ सय ६२ थानमध्ये २ सय ४९ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ हजार १ सय ३२ थान मध्ये ९ सय ४७ फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ९९ थान र देवानी मुद्दातर्फ ३ सय ८१ थान बाँकी रहेको स्रेस्तेदार नुतन झाले बताइन्।

## बाल अधिकार

यस वर्ष महोत्तरी जिल्लामा बलात्कारका घटनामा चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### शिक्षाको अवस्था

यस जिल्लामा २ सय १६ आधारभूत र १ सय माध्यमिक विद्यालय छन्। यस वर्ष ८० हजार ९ सय ७१ बालक र ८२ हजार ७ सय ८ जना बालिका

विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ५० बालिका र ३८ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ६ ओटा छन्। द्वन्द्वपीडित परिवारका ६ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। जिल्लाभर १ हजार २ सय ५६ दलित बालक र ९ सय ८६ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका १ सय ३० जनामध्ये ८२ जनाले छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख राजदेव यादवले बताए।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै ४ सय ३९ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १ सय २, खानलाउन नदिएका ३८, विवाह, जन्म दर्ता र नागरिकता नबनाइएका ३९, अर्की पत्नी ल्याएर हेला गरेको ६, दाइजो नल्याएको भनी हेला गरेको ५६ र सामान्य घरायसी झगडाका १ सय ९८ उजुरी छन्। यीमध्ये प्रहरीले ३ सय ५९ ओटा उजुरीमा मेलमिलाप गरायो भने ८० ओटा उजुरी कारबाही प्रक्रियामा रहेको कार्यालयका असई भरत ठाकुरले बताए।

यो वर्ष महोत्तरी जिल्लामा बलात्कारका घटनामा एक, 'बोक्सी'को आरोपका घटनामा तीन र घरेलु हिंसाका घटनामा २ सय १ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

### 'बोक्सी'को आरोप

पिपरा गाउँपालिका-३ पिपरा टोलकी ३५ वर्षीया काजल दासलाई बोक्सीको आरोपमा कुटपिट तथा झुक्याएर सम्बन्ध विच्छेदको तमसुक गराएको आरोपमा ३५ वर्षीय पति बिनोद दास र ३४ वर्षीया सौता शीलादेवी दास र दिनेश यादवविरुद्ध पीडितले ०८० साउन १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। घटनामा संलग्न भएको आरोपमा शीलादेवी दासलाई साउन १९ गते र विनोदकुमार दासलाई साउन २० गते गिरफ्तार गर्‍यो। दिनेश यादव भदौ १३ गते स्वयम् अदालतमा हाजिर भए। जिल्ला अदालतले आरोपितमध्ये विनोद दासलाई पुर्पक्षका लागि थुनामा राख्न र शीलादेवी दासलाई २ लाख ६० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

जिल्ला अदालतको फैसला चित्त नबुझेको भन्दै आरोपितहरूले उच्च अदालत, जनकपुरधाममा पुनरावेदन गरे। उच्च अदालतका न्यायाधीश महेन्द्रनाथ उपाध्याय र किरणकुमार पोखरेलको पुस १२ गतेको संयुक्त इजलासले आरोपित विनोदकुमार दासलाई १ लाख ५० हजार रुपियाँ, शिलादेवी दासलाई ५० हजार रुपियाँ धरौटीमा र दिनेश यादवलाई साधारण तारिखमा रिहा गर्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

गौशाला नपा-११ लक्ष्मीनिया टोलकी ६६ वर्षीया इतरियादेवी राम लगायत उनका परिवारका सदस्यहरूलाई ०८० कात्तिक १४ गते बोक्सीको आरोपमा कुटपिट गरेको भन्दै पीडित पक्षले सोही ठाउँका ४५ वर्षीय विनोद पासवान, ५५ वर्षीय रामकेवल महतो, २६ वर्षीय सन्तोष यादव र ४० वर्षीय नथुनी यादवविरुद्ध कात्तिक १५ गते इलाका प्रहरी कार्यालय, गौशालामा उजुरी दियो। यो वर्षको अन्त्यसम्म घटनाका सम्बन्धमा थप कानुनी कारबाही अगाडि बढेन।

मनरासिस्वा नगरपालिका-१० मरुवाहीकी ५७ वर्षीया सतीदेवी चौधरीलाई ०८० भदौ ६ गते राती 'बोक्सी'को आरोपमा अमानवीय व्यवहार, गालीगलौज र कुटपिट गरेको आरोपमा सोही ठाउँका ४६ वर्षीय रामविनय चौधरी, ४३ वर्षीय सिकिल चौधरी, १९ वर्षीय नाति साजन चौधरी र छिमेकी राजकुमार भन्ने ४१ वर्षीय जितनारायण चौधरीलाई जिल्ला प्रहरी कार्यालयले भदौ ७ गते गिरफ्तार गर्‍यो। तर, ६० वर्षीय रामसिंहासन चौधरी फरार रहे। पीडित सतीदेवीले तन्त्रमन्त्र गरी नातिनी बिरामी बनाएको आरोपमा रामविनय चौधरी सहित उनको परिवारले पीडितलाई 'नातिनीलाई ठिक गर' भन्दै तथानाम गालीगलौज तथा कुटपिट गरी अमानवीय व्यवहार गरेको पीडितका पति भोला चौधरीले बताए। जिल्ला अदालतका न्यायाधीश बाबुराम सुवेदीको भदौ २५ गतेको इजलासले रामविनय चौधरी, सिकिल चौधरी, नाति साजन चौधरी र छिमेकी राजकुमार भन्ने जितनारायण चौधरीलाई जनही ३० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएकोमा सोही दिन धरौटी रकम बुझाइ रिहा भए। त्यस्तै, फरार रहेका अर्का आरोपित रामसिंहासन चौधरी असोज ८ गते अदालतमा हाजिर भए। जिल्ला अदालतका न्यायाधीश हेमबहादुर सेनको इजलासले ३० हजार रुपियाँ धरौटी माग

गरेकोमा सोही दिन धरौटी रकम बुझाइ रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

### जातीय भेदभाव तथा छुवाछुत

गौशाला नगरपालिका-१ का १६ वर्षीय बालकलाई २०८० वैशाख २६ गते कथित माथिल्लो जातिको भोज खाएको निहुँमा कुटपिट तथा जातीय विभेद गरेको आरोपमा सोही ठाउँका ४० वर्षीय रामविनायक यादवलाई वैशाख २९ गते इलाका प्रहरी कार्यालय, गौशालाले गिरफ्तार गऱ्यो। जिल्ला अदालतले जेठ १९ गते आरोपितलाई ५० हजार रुपियाँमा धरौटीमा रिहा गर्ने आदेश गऱ्यो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, ७८ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र, ५८ आधारभूत स्वास्थ्य सेवा केन्द्र, दुई सामाजिक स्वास्थ्य एकाइ, ६८ सहरी स्वास्थ्य केन्द्र र आठ नगर स्वास्थ्य केन्द्र रहेको जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीकी प्रमुख सुनीता गुप्ताले बताइन्। जिल्लामा १ हजार ९ सय ८४ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। प्रादेशिक अस्पताल जलेश्वरमा रहेको पाँच बेडको भेण्टिलेटरसहितको आइसीयु, मिर्गौला रोगीहरूलाई आवश्यक पर्ने डायलासिस, ब्लड बैङ्कलगायतका सेवाहरू उपलब्ध रहे पनि जनशक्ति अभावले सुचारु हुन सकेको छैन।

**तालिका ५.२.४.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | १ | ३ | ४ |

**महिला अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| घरेलु हिंसा | १९६ | ५ | | २०१ |
| 'बोक्सी'को आरोप | | | ३ | ३ |
| बलात्कार | | १ | | १ |
| जम्मा | १९६ | ६ | ३ | २०५ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| जम्मा | २ | २ |

(स्रोत : इन्सेक, २०२३)

# ५.२.५ सर्लाही




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ८,६२,४७० |
| महिला | ४,२७,३३९ |
| घर परिवार सङ्ख्या | १,६४,८२४ |
| घरजग्गामा महिलाको स्वामित्व | ४०,५०२ |
| साक्षरता प्रतिशत | ६०.३१ |
| आश्रित जनसङ्ख्या | ४,५२,८५५ |
| अपाङ्गता भएका | १३,४७४ |

यस वर्ष सर्लाही जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा आठ जना महिला र १५ जना पुरुष पीडित भएको घटना इन्सेकले अभिलेख गऱ्यो। जसमा कुटपिट घटनामा सात जना महिला र १० जना पुरुष, गिरफ्तारी घटनामा पाँच जना पुरुष र हिरासतमा एक जना महिलाको मृत्यु भएको घटना इन्सेकले अभिलेख गऱ्यो। ज्यादतीका घटनामा १ सय ४२ जना महिला र २२ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २५ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय १६ जना महिला पीडित भए।

### नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्न पाउने अधिकार

### हत्या

#### अन्यपक्षबाट

हरिवन नपा-५ डाबरीटोलका ८१ वर्षीय ओमप्रसाद मैनालीलाई घरायसी विवादको क्रममा कात्तिक ८ गते कोदालो प्रहार गरेको आरोपमा प्रहरीले ४२ वर्षीय छोरा गोकर्ण मैनालीलाई ०८० कात्तिक १० गते हरिवन नपा-४ तीनबिघे मैदानको लच्का क्षेत्रबाट गिरफ्तार गऱ्यो। घाइते भएका ओमप्रकाश मैनालीलाई कात्तिक ९ गते बिहान उपचारका लागि नमूना अस्पताल, हरिवनमा भर्ना गरिएको थियो। स्वास्थ्यमा सुधार नआएपछि थप उपचारका लागि मेडिकल कलेज चितवन लगिएकोमा उपचारकै क्रममा सोही दिन उनको मृत्यु भयो। जिल्ला अदालतले मङ्सिर ७ गते पुर्पक्षका लागि कारागार पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### झडपमा घाइते

मलङ्गवा नपा-१० स्थित सहिद चोकमा ०८० पुस १२ गते मिटरब्याज पीडितहरूले गरेको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा मलङ्गवा नगरपालिका-४ का २९ वर्षीय दीपुकुमार यादव, चन्द्रनगर गाउँपालिका-४ का ३४ वर्षीया सकिरा खातुन, ३३ वर्षीया सहजादी खातुन र मलङ्गवा नगरपालिका-३ का ३६ वर्षीया सन्जुदेवी यादव घाइते भए। घाइतेहरूको उपचार मलङ्गवा अस्पतालमा भयो।

### कारागार र बन्दी

७९ जना पुरुष र १७ जना महिलाको क्षमता भएको जिल्ला कारागार भवनको निर्माण सम्पन्न भएको छ। ९६ जना क्षमता भएको आठ ओटा कोठामा २ सय १० जना राख्न मिल्ने बनाइएको जेलर मनोजकुमार मिश्राले बताए। यो वर्षको अन्त्यसम्म कारागारमा कैदीबन्दी राखिएको छैन।

**तालिका ५.२.५.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | | | | | | १ | १ |
| गिरफ्तारी | | | ५ | ५ | | | |
| कुटपिट | | ७ | १० | १७ | २ | ५ | ७ |
| कारागार र जेलमा मृत्यु | | १ | | १ | | | |
| घाइते | | | | | | २ | २ |
| हत्या | | | | | ५ | १ | ६ |
| जातीय विभेद | | | | | १ | ४ | ५ |
| धम्की | | | | | २ | | २ |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | | | ८ | ८ |
| | विद्यालयमा दिइने शारीरिक सजाय | | | | | १ | १ |
| | बलात्कार | | | | १६ | | १६ |
| | जम्मा | | | | १६ | ९ | २५ |
| महिला अधिकार | बेचबिखन तथा ओसारपसार प्रयास | | | | ५ | | ५ |
| | घरेलु हिंसा | | | | ६८ | | ६८ |
| | 'बोक्सी'को आरोप | | | | ४ | | ४ |
| | बलात्कार | | | | १० | | १० |
| | बलात्कार प्रयास | | | | २६ | | २६ |
| | यौन दुर्व्यवहार | | | | ३ | | ३ |
| | जम्मा | | | | ११६ | | ११६ |
| **कूल जम्मा** | | ८ | १५ | २३ | १४२ | २२ | १६४ |

(स्रोत : इन्सेक, २०२३)

## हिरासतमा मृत्यु

चक्रघट्टा गाउँपालिका-८, औरही टोलकी ३८ वर्षीया हजरत खातुनको जिल्ला प्रहरी कार्यालय, सर्लाहीको हिरासतमा ०८० साउन ४ गते राति १० बजे मृत्यु भएको डिएसपी दीपेन्द्र पञ्जियार थारुले बताए। खातुनलाई साउन १ गते मलङ्गवा नपा-८ झिलिमिलिया माइस्थानस्थित नेपाल र भारत सीमा नाकाबाट सशस्त्र प्रहरी बल, नेपालले ५ लाख ४ चार हजार रुपियाँ नगदसहित गिरफ्तार गरी साउन २ गते भन्सार कार्यालय, सर्लाहीमा बुझाएको थियो। भन्सार कार्यालय, सर्लाहीले साउन ४ गते खातुनलाई ३ लाख ४४ हजार २ सय रुपियाँ धरौटीमा राखी रिहा गर्ने आदेश गरेकोमा सो रकम बुझाउन नसकेपछि थुनामा राख्न जिल्ला प्रहरी कार्यालय, मलङ्गवा पठाइएको भन्सार कार्यालयका अधिकृत नरेश साहले बताए। हिरासतमा रहेकी खातुनले साउन ४ गते राती १० बजे हिरासतको शौचालयमा आत्महत्या प्रयास गरेपछि उपचारका लागि मलङ्गवा अस्पतालमा लगिएकोमा उपचारका क्रममा १०:४० बजे मृत्यु भएको प्रहरीको भनाइ छ। शवको पोष्टमार्टम मलङ्गवा अस्पतालमा साउन ५ गते भयो। पीडित परिवारले कतै उजुरी गरेन। इन्सेकलगायत संस्थाले गरेको स्थलगत अनुगमन प्रतिवेदनमा घटना शंकास्पद रहेको उल्लेख छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

६ जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ९ सय ४६ थान मध्ये ५ सय ६० थान मुद्दा फैसला भए । देवानी मुद्दातर्फ ७ सय ५२ थान मध्ये ३ सय ४५ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ११ थान र देवानी मुद्दा ८२ थान बाँकी छन्।

## बाल अधिकार

यस वर्ष सर्लाही जिल्लामा बलात्कारका घटनामा १६ जना बालिका, विद्यालयमा दिइने शारीरिक सजायका घटनामा एक र बेचबिखन तथा ओसारपसारका घटनामा आठ जना बालक पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

## शिक्षाको अवस्था

जिल्लामा ४ सय ६२ आधारभूत र १ सय १८ माध्यमिक विद्यालय छन्। यस वर्ष २३ हजार ३ सय ५७ बालक र १८ हजार ८ सय ७३ बालिका गरी ४२ हजार २ सय ३० जना बालबालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ९७ बालिका र ७१ जना बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय सात ओटा छन्। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका १३ जना बालबालिकाले छात्रवृत्ति पाए। शहीद परिवारका आठ जना र द्वन्द्वपीडित परिवारका ४७ बालबालिकाले छात्रवृत्ति पाए।

## महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३ सय ६५ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ४९, खानलाउन नदिएका १ सय ८१, विवाह दर्ता, कुटपिट तथा गालीगलौजका ७४ ओटा, जन्मदर्ता र नागरिकता नबनाएका ६१ उजुरी छन्। यीमध्ये २ सय ७९ ओटामा मेलमिलाप भयो भने २२ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको छ। बाँकी ६४ ओटा उजुरी यो वर्षको अन्त्यसम्म विचाराधीन रहेको सेवा केन्द्रकी इन्स्पेक्टर सङ्गीता पाण्डेले बताइन्।

यो वर्ष सर्लाही जिल्लामा बलात्कारका घटनामा १०, बलात्कार प्रयासका घटनामा २६, यौन दुर्व्यवहारका घटनामा तीन, बोक्सीको आरोपका घटनामा चार, बेचबिखन तथा ओसारपसारका घटनामा पाँच र घरेलु हिंसाका घटनामा ६८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

## दाइजोका कारण हत्या

हरिपुर नपा-६, लक्ष्मीपुर टोलकी ४२ वर्षीया इन्द्रकलादेवी साहलाई जेठ २६ गते कुटपिट गरेको आरोपमा पीडित पक्षले ४५ वर्षीय पति राजाराम साहविरूद्ध जिल्ला प्रहरी कार्यालय मलङ्वामा जेठ ३० गते उजुरी दियो। माइती पक्षबाट २ लाख रुपियाँ नल्याएको विषयमा विवाद हुँदा आरोपितले कुटपिट गर्दा घाइते भएकी इन्द्रकलाको उपचारका क्रममा जेठ २८ गते जिल्ला अस्पतालमा मृत्यु भयो। प्रहरीले लखनदेही नदीमा सद्‌गत गर्न लगिएको शव नियन्त्रणमा लिएर असार १ गते शवको पोष्टमार्टम गरायो। घटनापछि फरार भएका आरोपितहरू वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

## दाइजोजनित हिंसा

गोडैता नपा-१० सिसौटिया टोलकी २३ वर्षीया सैमुल खातुनलाई दाइजो वापत मोटरसाइकल र नगद ५० हजार रुपियाँ नल्याएको भन्दै २५ वर्षीय पति मो. समिर खानले माघ ४ गते कुटपिट गरेको आरोपमा पीडितले इलाका प्रहरी कार्यालय, गोडैतामा ०७९ माघ १० गते उजुरी दिइन्। पतिको कुटपिटबाट पीडितको बायाँ हातमा र गोडामा चोट लागेको थियो। पीडितको उपचार माघ ४ गते सर्लाही जिल्ला अस्पताल, मलङ्गवामा भयो। निकाहमा १ लाख ५० हजार रुपियाँ, आठ आना सुन, घरका अन्य सरसमान दिए पनि थप दाइजो नल्याएको भन्दै खातुनलाई शारीरिक तथा मानसिक यातना दिने गरेको पीडित पक्षको आरोप छ। चैत १३ गते पीडितलाई अब आइन्दा, मानसिक यातना नदिने, कुटपिट नगर्ने र राम्रो व्यवहार गर्ने भनी इलाका प्रहरी कार्यालय, गोडैतामा मेलमिलाप भएको सई रामप्रवेश यादवले बताए।

## "बोक्सी"को आरोप

चक्रघटा गाउँपालिका-२ की ४४ वर्षीया जकिला खातुनलाई ०८० साउन १४ गते 'बोक्सी'को आरोपमा कुटपिट गरेको भन्दै पीडित पक्षले सोही ठाउँका ३६ वर्षीय आरिफ अन्सारी र उनकी ३४ वर्षीया पत्नी जलिया अन्सारीविरुद्ध जिल्ला प्रहरी कार्यालय मलङ्गवामा साउन २५ गते उजुरी दियो । कानुनी प्रक्रियामा अघि बढेपछि गाउँमै मिलापत्र गर्न चक्रघटा गाउँपालिका-१ का वडा अध्यक्ष ४६ वर्षीय रामसुरेश राय र आरोपित पक्षले साउन २१ गते दबाब दिएको पीडितले आराप लगाइन्। पीडितको उपचार साउन १५ गते देखि १७ गतेसम्म सर्लाही जिल्ला अस्पतालमा भयो । घटनाबारे अनुसन्धान गरी दोषी उपर कानुन बमोजिम कारबाही गर्ने जिल्ला प्रहरी कार्यालयका डिएसपी कैलाश राइले बताए पनि यो वर्षको अन्त्यसम्म आरोपित गिरफ्तार भएनन्।

### सबै प्रकारका जातीय विभेद

ब्रहमपुरी गाउँपालिका-६ पिपरा टोलका १६ वर्षीय बालकलाई जातीय विभेद गरी कुटपिट गरेको आरोपमा सोही ठाउँका ३२ वर्षीय प्रमोद साह तेलीविरुद्ध पीडितका बुबाले जिल्ला प्रहरी कार्यालयमा ०८० साउन ३० गते उजुरी दिए। प्रहरीले साउन ३१ गते उजुरी दर्ता गर्‍यो। आरोपितको बुबाले सञ्चालन गरेको मोटरसाइकल ग्यारेजमा सरसफाइको काम गरिरहेका पीडितलाई ०८० साउन १८ गते आरोपित साहले ग्यारेज नजिकै सुरेन्द्र महतो सुडीको किराना पसलमा बोलाई "तँ यहाँ तल बस, तँ चमार, दलित बढ्ता हुन्छस्" भनी कुटपिट गरेको पीडितले बताए। आरोपितले भने पीडितलाई कुटपिट नगरेको, आफूसँग अलि टाढा भएर काम गर मात्र भनेको बताए। आरोपित उपर कानुनी कारबाही भएन।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, ९४ स्वास्थ्य चौकी, पाँच प्राथमिक स्वास्थ्य केन्द्र, २० नगर स्वास्थ्य केन्द्र, आधारभुत स्वास्थ्य केन्द्र/सामुदायिक स्वास्थ्य केन्द्र ८३ तथा खोप केन्द्र ५ सय १२ गरी ७ सय १५ रहेका छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा चार जना विशेषज्ञको दरबन्दीमा एक जनाको दरबन्दी ०८० जेठदेखि रिक्त छ। जिल्लामा १ हजार १ सय ५ जनाले बीमा गराएर सेवा लिइरहेका छन्।

**तालिका ५.२.५.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | ४ | १ | ५ |
| विद्यालयमा दिइएको शारीरिक सजाय | १ | | | १ |
| बलात्कार | | ९ | ७ | १६ |
| जम्मा | १ | १३ | ८ | २२ |

**महिला अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | | २ | २ |
| घरेलु हिंसा | ५० | ११ | ७ | ६८ |
| 'बोक्सी'को आरोप | | १ | ३ | ४ |
| बलात्कार | | ३ | ६ | ९ |
| बलात्कार प्रयास | | २१ | ५ | २६ |
| यौन दुर्व्यवहार | | २ | १ | ३ |
| जम्मा | ५० | ३८ | २४ | ११२ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | ६ | ६ |

(स्रोत : इन्सेक, २०२३)

# ५.२.६ रौतहट




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ८,१३,५७३ |
| महिला | ४,०५,१७० |
| घर परिवार सङ्ख्या | १,३७,०२५ |
| घरजग्गामा महिलाको स्वामित्व | ३१,७७१ |
| साक्षरता प्रतिशत | ५७.७५ |
| आश्रित जनसङ्ख्या | ४,५१,१४९ |
| अपाङ्गता भएका | १०,८४७ |

यस वर्ष रौतहट जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा चार जना पुरुष तथा ज्यादतीका घटनामा २८ जना महिला र पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १६ जना महिला पीडित भए।

## कुटपिट/दुर्व्यवहार

### अन्यपक्षबाट

यमुनामाई गाउँपालिका-५ सरवठा टोल निवासी हिमालय टेलिभिजन रौतहटका सम्वाददाता २९ वर्षीय राकेश यादवलाई बृन्दावन नगरपालिका-१ रमौली बैरिया घाटस्थित शिवम क्रसर उद्योगको समाचार सङ्कलन गर्ने क्रममा उद्योगका कर्मचारीले भदौ ४ गते कुटपिट तथा दुर्व्यवहार गरेको पीडितले बताए। महोतरी जिल्ला बर्दिबास नगरपालिका-१४ का ३६ वर्षीय राजदेव ठाकुर, सर्लाही जिल्ला बरहथवा नगरपालिका-१८ का ३८ वर्षीय महेश चौधरी, बृन्दावन नगरपालिका-४ का ४२ वर्षीय राधेश्याम यादवविरुद्ध पीडितले भदौ ४ गते इलाका प्रहरी कार्यालय गरुडामा उजुरी दिए। शिवम क्रसर उद्योगले मापदण्ड विपरीत खोला उत्खनन् गर्नुका साथै वातावरण प्रदूषण गरेको स्थानीयको गुनासोको आधारमा ०८० भदौ ४ गते समाचार सङ्कलन गर्न क्रसर उद्योग पुगेका पत्रकार यादवमाथि सोही उद्योगका कर्मचारीहरूले दुर्व्यवहार तथा कुटपिट गर्नुका साथै क्यामेरासमेत फुटाइ दिएको पीडित यादवले बताए। प्रहरीले आरोपितहरूलाई भदौ ४ गते गिरफ्तार गऱ्यो। पीडितको उपचार चन्द्रपुरस्थित सिमस अस्पतालमा भयो। जिल्ला प्रशासन कार्यालयमा दुई पक्षबिच भदौ २० गते छलफल भयो। सोही क्रममा पीडितलाई आरोपितहरूले क्षतिपूर्ति स्वरुप नयाँ क्यामेरा र उपचार खर्च समेत दिने सहमति भयो। आरोपितहरू जनही ८ हजार ५ सय रुपियाँ धरौटीमा रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## कारागार र बन्दी

जिल्ला कारागारको क्षमता महिला २० र पुरुष १ सय ५५ रहेको छ। कारागारमा कैदीबन्दी ३ सय ५७ जना छन्। जसमा महिला १४ र पुरुष ३ सय ४३ रहेका छन्। कारागारमा आश्रित दुई जना बालक र एक जना बालिका छन्। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ। १६ जना ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख

प्रशान्तकुमार बर्माले बताए। कारागारमा दीर्घरोगी ११ जना छन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

आठ जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी एक वर्षदेखि रिक्त रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार २ सय १६ थानमध्ये २ सय १८ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ हजार ५ सय ५० थान मध्ये १ हजार ३ सय  थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ४१ थान र देवानी मुद्दा ३ सय ३३ थान बाँकी रहेको स्रेस्तेदार उद्धव ढोडारीले बताए।

**तालिका ५.२.६.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | | १ | १ | २ |
| हत्या | | | | ४ | ३ | ७ |
| जातीय विभेद | | | | | १ | १ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | ४ | ४ | | | |
| बाल अधिकार | बलात्कार | | | ६ | | ६ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | जम्मा | | | ७ | | ७ |
| महिला अधिकार | घरेलु हिंसा | | | ६ | | ६ |
| | बलातकार | | | १० | | १० |
| | जम्मा | | | १६ | | १६ |
| **कूल जम्मा** | | ४ | ४ | २८ | ५ | ३३ |

(स्रोत : इन्सेक, २०२३)

### बाल अधिकार

यस वर्ष रौतहट जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक र बलात्कारका घटनामा ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

### शिक्षाको अवस्था

जिल्लामा ३ सय ३० आधारभूत र १ सय ३० माध्यमिक विद्यालय छन्।  यस वर्ष २३ हजार ९ सय ५५ बालक र २२ हजार ६ सय १३ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ४१ बालिका र ६४ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय १२ ओटा छन्। यो वर्ष द्वन्द्वपीडित परिवारका १ सय ९ जना बालबालिकाले छात्रवृत्ति पाए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका तीन जना बालबालिकाले छात्रवृत्ति पाए। सहिद परिवारका दुई जनाले र द्वन्द्वपीडित परिवारका १ सय ४ बालबालिकाले छात्रवृत्ति पाए। शैक्षिक सत्र २०८० वैशाख महिना भरी भर्ना अभियान सञ्चालन गरी/गराई ९५ प्रतिसत भर्ना गराइएको छ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा १ हजार ७ सय १० जना पीडितले उजुरी दिए। जसमध्ये १ हजार ३ सय ९० घटना मेलमिलाप भयो भने ७८ ओटा उजुरी कारबाही प्रक्रियाको लागि जिल्ला अदालत पठाएको र २ सय ४२ जना पीडित सम्पर्कमा नआएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेव केन्द्रकी असई सलुजा श्रेष्ठले बताए।

यो वर्ष रौतहट जिल्लामा बलात्कारका घटनामा १० र घरेलु हिंसाका घटनामा ६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

### दाइजोको कारण हत्या

मौलापुर नगरपालिका-४ बौधापतौराकी २४ वर्षीया कविता साह र दुई वर्षीया छोरी आरोही साहलाई ०८० असार १५ गते राति कविताका २८ वर्षीय पति धीरेन्द्र साह, ६० वर्षीया सासू मैनादेवी तेली, २७ वर्षीया नन्द निशादेवी तेली र ६५ वर्षीय ससुरा नागेन्द्र साह तेली तथा परिवारजनले हत्या गरेको पीडित पक्षले आरोप लगायो। विवाह अघि कबुल गरेको दाइजो दिन नसकेको कारण छोरी र नातिनीको हत्या आरोपितहरूले गरेको कविताका बाबु विजयशङ्कर साहले आरोप लगाए। 'मोटरसाइकल, पलङ, भैँसी, सिक्री माइतीबाट लिएर आइज' भन्दै कवितालाई दबाब दिँदै आएको र आफूले दिन नसकेको कारण हत्या गरेको विजयशङ्करको आरोप छ। प्रहरीले अन्य आरोपितहरूलाई असार १६ गते गिरफ्तार गर्‍यो भने नागेन्द्र साह तेली वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। जिल्ला अदालतको साउन १० गतेको आदेश अनुसार

आरोपितहरू पुर्पक्षको लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

बृन्दावन नपा-३ विश्रामपुर टोलकी २२ वर्षीया रुकमणीदेवी यादवलाई दाइजो कम भएको भन्दै पतिलगायत परिवारका सदस्यहरूले ०७९ फागुन २२ गते घाँटीमा सलको पासो बाँधी झुण्ड्याइ दिएको आरोपमा माइती पक्षले चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। मृतकका २४ वर्षीय पति राकेश राय यादव, ५८ वर्षीय ससुरा भोजिन्द्र राय यादव, ५६ वर्षीया सासू राजपति देवी, २९ वर्षीय जेठाजु राजेशकुमार यादव, २६ वर्षीया जेठानी पुनम देवी भनिने कविता यादव र २२ वर्षीय देवर विवेक राय यादव विरुद्ध पीडित पक्षले उजुरी दिए। आरोपित पक्षले विवाहमा १६ लाख रुपियाँ नगद, नेपाली नम्बर प्लेटको मोटरसाइकल, फर्निचर तथा भाँडाकुँडा दाइजो स्वरूप माग गरेकोमा रुकमणीको बुबाले गाउँमा सरसापट गरी विवाहमा २ लाख ५० हजार रुपियाँ र एक नेपाली नम्बर प्लेटको मोटरसाइकल दिई विवाह गरेका थिए। शवको पोष्टमार्टम फागुन २२ गते जिल्ला अस्पताल, गौरमा गरिएका थियो। आरोपित मध्ये ससुरा भोजिन्द्र राय यादवलाई ०७९ चैत ७ गते र जेठाजु राजेकुमार यादवलाई चैत ९ गते प्रहरीले गिरफ्तार गऱ्यो। अन्य आरोपितहरू वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। जिल्ला अदालतको ०८० वैशाख ५ गतेको आदेशमा आरोपितहरू पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई ओटा सरकारी अस्पताल, चार ओटा सामुदायिक अस्पताल, ९६ ओटा स्वास्थ्य चौकी, चार ओटा नगर स्वास्थ्य केन्द्र छन्। जिल्लामा ९ सय २९ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकको हकमा एकीन तथ्याङ्क नरहेको अस्पतालका व्यवस्थापक अफरोज अख्तरले बताए।

**तालिका ५.२.६.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | २ | ४ | ६ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | २ | ५ | ७ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | १ | १ | ४ | ६ |
| बलात्कार | | ५ | ५ | १० |
| जम्मा | १ | ६ | ९ | १६ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | २ | ४ | ६ |

(स्रोत : इन्सेक, २०२३)

# ५.२.७ बारा

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ७,६३,१३७ |
| महिला | ३,७३,३५० |
| घर परिवार सङ्ख्या | १,३१,१७९ |
| घरजग्गामा महिलाको स्वामित्व | २८,९९९ |
| साक्षरता प्रतिशत | ६४.५४ |
| आश्रित जनसङ्ख्या | ३,९४,८५० |
| अपाङ्गता भएका | १०,७३१ |




यस वर्ष बारा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा आठ पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा हत्याका घटनामा एक जना, गिरफ्तारीका घटनामा पाँच जना र कुटपिटका घटनामा दुई जना पीडित भए । ज्यादतीका घटनामा १ सय जना महिला र २९ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २४ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६८ जना महिला पीडित भए।

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्न पाउने अधिकार

### हत्या

#### राज्यपक्षबाट

सिम्रौनगढ नपा-१ नमसङ्ग्राका २५ वर्षीय लक्ष्मी विन मुखियाको ०८० मङ्सिर २७ गते प्रहरीले प्रहार गरेको गोली लागी मृत्यु भयो। प्रमुख प्रशासकीय अधिकृत मुकेशकुमार मिश्रा नगरपालिकामा हाजिर हुन जानेक्रममा विवाद उत्पन्न हुँदा भएको झडपका क्रममा प्रहरीले प्रहार गरेको गोली लागी घाइते भएकोमा उपचारको क्रममा मुखियाको मृत्यु भएको प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले बताए। झडपलाई नियन्त्रणमा लिने क्रममा इन्स्पेक्टर विभुषण यादव, असईद्वय परीक्षण यादव र अरुण राउत, प्रहरी हवल्दारहरू दिनानाथ पाण्डेय, सुजित राउत, देवी दाहाल घाइते भए। त्यसैगरी प्रहरी सहायक हवल्दारहरू प्रमोद पटेल, रमेशप्रसाद जैसवाल, प्रभु राउत, मनोज कोइरी, अनिश महतो, सत्रुधन सहनी तथा प्रहरी जवानद्वय लोकेन्द्र चौधरी र सुशीलकुमार यादव घाइते भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी दधिराम न्यौपानेले बताए। उनीहरूको उपचार सोही दिन स्थानीय स्वास्थ्य संस्थामा भयो। मृतक परिवारलाई राहत तथा रोजगारीको व्यवस्था गर्ने, घटनाको अनुसन्धान गरी दोषीउपर कारबाहीको लागि बाराका सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण आचार्यको संयोजकमा तीन सदस्य छानबिन समिति बनाउने लगायतका पाँच बुँदे लिखित सहमतिपछि पुस १ गते मुखियाको परिवारले शव बुझेर दाहसंस्कार गरे।

#### अन्य पक्षबाट

जितपुरसिमरा उमनपा-१६ टङ्गिया बस्तीका ९० वर्षीय आइतसिंह घलानलाई ०८० साउन २६ गते ६० वर्षीय छोरा दिलबहादुर घलानले घरायसी विषयमा विवाद हुँदा मुक्का प्रहार गरी हत्या गरेको आरोपमा इलाका प्रहरी कार्यालय, निजगढले सोही दिन गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध मृतककी ८० वर्षीया पत्नी कान्छीमाया तामाङले साउन २६ गते इलाका प्रहरी

**तालिका ५.२.७.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | | | | ३ | २ | ५ |
| गिरफ्तारी | | ५ | ५ | | | |
| कुटपिट | | २ | २ | ३ | २० | २३ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| हत्या | | १ | १ | ४ | ३ | ७ |
| जातीय विभेद | | | | | १ | १ |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | ५ | | ५ |
| | नवजात शिशुको हत्या | | | | १ | १ |
| | बलात्कार | | | १४ | | १४ |
| | यौन दुर्व्यवहार | | | ३ | १ | ४ |
| | जम्मा | | | २२ | २ | २४ |
| महिला अधिकार | घरेलु हिंसा | | | ६१ | | ६१ |
| | बलात्कार | | | ५ | | ५ |
| | बलात्कार प्रयास | | | २ | | २ |
| | जम्मा | | | ६८ | | ६८ |
| **कूल जम्मा** | | ८ | ८ | १०० | २९ | १२९ |

(स्रोत : इन्सेक, २०२३)

कार्यालय, निजगढमा उजुरी दिइन्। जिल्ला अदालतले भदौ २१ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

कलैया उमनपा-१ का बाल एकता इङ्गलिस बोर्डिङ स्कूलका प्रधानाध्यापक ३५ वर्षीय रूपेश स्वर्णकारलाई ०८० कात्तिक १३ गते गोली प्रहार गरी हत्या गरेको घटनामा संलग्न भएको आरोपमा कात्तिक १४ गते प्रहरीले गिरफ्तार गऱ्यो। कलैया उमनपा-६ मदरसा टोलकी २२ वर्षीया राधा गुप्ता, ३४ वर्षीय जामिल अख्तर, कलैया उपमहानगरपालिका-९ रामपुर का २६ वर्षीय रियाज अन्सारी, भारत मोतिहारी पूर्वी चम्पारण थाना घोडासहन गाउँ जागिराकोटीका २३ वर्षीय चन्दनकुमार र भारत मोतिहारी पूर्वी चम्पारण थाना घोडासहन गाँउ बहार्वाकाला-१२ का २३ वर्षीय अभिनव कुमार राजपुतलाई कात्तिक १४ गते गिरफ्तार गऱ्यो। स्वर्णकारमाथि गोली प्रहार गरेको आरोप लागेका भारत मोतिहारीका ३२ वर्षीय सुजितकुमार सिंह, २४ वर्षीय चञ्चल पाण्डे, २२ वर्षीय मनिषकुमार सहनी र २० वर्षीय कामेश्वर सहनी वर्षको अन्त्यसम्म गिरफ्तार नभएको जिल्ला प्रहरी कार्यालयका डिएसपी दधिराम न्यौपाने बताए। अनुसन्धानकै क्रममा भारतको मोतिहारी जिल्ला छौडादानौ पञ्चायतका ३२ वर्षीय सुजितकुमार सिंहलाई पुस १० गते प्रहरीले गिरफ्तार गऱ्यो।

## कुटपिट

### राज्यपक्षबाट

महागढीमाई नपा-७ बेनौली टोल निवासी नेपाली कांग्रेसका जिल्ला सचिव ४५ वर्षीय भैयाराम यादव र कलैया उमनपा-२४ सखुई बस्ने नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीका जिल्ला उपसचिव ५० वर्षीय ध्रुवप्रसाद यादवलाई जिल्ला प्रहरी कार्यालयका डिएसपी पुरुषोत्तमप्रसाद पाण्डे र इन्स्पेक्टर रुपेश साहले स्थानीय स्तरमा भएको दुर्घटनाबारे छलफलको क्रममा कार्यालयको ढोका बन्द गरी कुटपिट गरेको पीडितले आरोप लगाए। प्रहरीको कुटपिटबाट उनीहरूको बायाँ आँखा, कान, तिघ्रा, गोडा र ढाडमा चोट लाग्यो। उनीहरूलाई उपचारका लागि वीरगंजको नारायणी अस्पतालमा लगिएको थियो। तर, त्यहाँ उपचार हुन नसकेपछि थप उपचार भारतको दिल्लीस्थित मेदान्त अस्पतालमा भएको पीडितको आफन्तले बताए। कुटपिटको आरोप लागेका डिएसपी पाण्डे र इन्स्पेक्टर साहको सरुवा भयो। घटनाको छानविन गर्न मधेश प्रदेश प्रहरी कार्यालयका एसएसपी प्रवीण पोखरेलको संयोजकत्वमा साउन ५ गते छानबिन समिति गठन भयो। साउन ८ गते गरेको छलफलमा पीडितसँग सहमति भएपछि समितिले थप काम गरेन।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सात जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा सबै कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दातर्फ ७ सय ८ थानमध्ये २ सय ४७ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४ हजार ७ सय ७१ थानमध्ये १ हजार ९ सय थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ३८ थान र देवानी मुद्दा ४ सय ७० थान छन्।

**बाल अधिकार**

यस वर्ष बारा जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक जना बालक र तीन जना बालिका, बलात्कारका घटनामा १४ जना बालिका, बेचबिखन तथा ओसारपसार घटनामा पाँच जना बालिका र नवशजात शिशुको हत्याका घटनामा एक जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**शिक्षाको अधिकार**

जिल्लामा ३ सय ३० आधारभूत र ९५ माध्यमिक विद्यालय छन्। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ६० जना बालबालिका, शहीद परिवारका पाँच र द्वन्द्वपीडित परिवारका ६ जनाले छात्रवृत्ति पाए।

**बलात्कार**

१४ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले करैयामाई गाउँपालिका-४ का २६ वर्षीय पानालाल पासवानलाई ०८० साउन ३० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतले मङ्सिर १२ गते आरोपितलाई २ वर्ष ६ महिना कैद सजाय, २५ हजार रुपियाँ जरिबाना र पीडितलाई २५ हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

**महिला विरुद्ध हुने सबै किसिमका भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ९ सय ६१ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १ सय १६, खानलाउन नदिएका १ सय ९, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका ७६, अर्की पत्नी ल्याएर हेला गरेको ५९ र सामान्य घरायसी झगडाका १ सय २ उजुरी छन्। यीमध्ये प्रहरीले ६ सय १२ उजुरीमा मेलमिलाप गरायो भने ३ सय ४९ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रकी इन्स्पेक्टर बिमलाकुमारी कठायतले बताइन्।

यो वर्ष बारा जिल्लामा बलात्कारका घटनामा पाँच, बलात्कार प्रयासका घटनामा दुई र घरेलु हिंसाका घटनामा ६१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**पारिवारिक हत्या**

सिम्रौनगढ नपा-६ की २२ वर्षीया आस्मीन खातुनको घाँटी रेटी हत्या गरेको आरोपमा भारतको पुर्वी चाम्पारण ढाका थाना रुपैलीयाका ३१ वर्षीय पति मोहम्मद अमानुलाह मियाँलाई प्रहरीले २०८० साउन ११ गते गिरफ्तार गऱ्यो। मोहमद अमानुलाह मियाँले मासु काट्ने हतियार (दाउ)ले ससुरालीघरमा नै आस्मीनको हत्या गरेको पीडित पक्षको आरोप छ। स्थानीयको सहयोगमा आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका एसपी होबिन्द्र बोगटीले बताए। जिल्ला अदालतले आरोपितलाई भदौ ४ गते पुर्पक्षको लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

**दाइजोका कारण हत्या**

विश्रामपुर गाउँपालिका–१ चतवा टोलकी २५ वर्षीया जाया कुशवाहालाई दाइजो नल्याएको आरोपमा ०८० साउन १२ गते हत्या गरेको आरोपमा पीडित पक्षले ३२ वर्षीय पति सन्दीप कुशवाहा, ५० वर्षीया सासु विद्यादेवी कुशवाहा र २७ वर्षीय देवर प्रवीण कुशवाहाविरुद्ध जिल्ला प्रहरी कार्यालयमा साउन १७ गते उजुरी दियो। मोटरसाइकल किनेर दिए पनि कुटपिट गरेको र घरनिकाला समेत गरेपछि जयाले ०७९ फागुन १५ गते जिल्ला प्रहरी कार्यालयका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिएकोमा ०७९ चैत १७ गतेको छलफलमा कुटपिट नगर्ने र कुनै प्रकारको यातना नदिने भन्दै 'मेलमिलाप' भएको थियो। आरोपित सन्दीप कुसवाहालाई साउन १८ गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका एसपी होबिन्द्र बोगटीले बताए। जिल्ला अदालतले भदौ ११ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

**जातीय विभेद**

सिम्रौनगढ नगरपालिका-२ अमृतगञ्जका २२ वर्षीय अनमोल पासवानलाई ०८० वैशाख २९ गते तातो माड छ्यापी घाइते बनाएको आरोपमा सोही वडामा रहेको रानीवास रामजानकी मन्दिरका निमित्त महन्थ पुजारी ५० वर्षीय अनिरुद्ध पाण्डेलाई इलाका प्रहरी कार्यालय, सिम्रौनगढले सोही दिन गिरफ्तार गऱ्यो। पीडित पक्षले वैशाख २९ गते इलाका प्रहरी कार्यालयमा उजुरी दियो। वैशाख २९ गते मन्दिर घुम्न जाँदा महन्थले 'दलित भएर भान्सामा किन प्रवेश

गरेको' भनी गाली गर्दै भात पाकिरहेको भाँडाबाट माड झिकेर आफ्नो शरीरमा छ्यापेको पीडितले बताए। घाइतेको उपचार वैशाख २९ गते राज्यलक्ष्मी अस्पताल कलैयामा भयो। असोज १६ गते आरोपितले पीडितलाई औषधि उपचारका लागि २० हजार रुपियाँ दिने गरी सहमति भयो।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एउटा सरकारी अस्पताल, दुई ओटा सामुदायिक अस्पताल, ९४ स्वास्थ्य चौकी र पाँच प्राथमिक स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा पाँच जनाको दरबन्दी ०७७ सालदेखि रिक्त छन्। जिल्लामा ६ हजार ९ सय ४ जनाले बीमा गराएर सेवा लिइरहेका छन्।

**तालिका ५.२.७.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बेचबिखन तथा ओसारपसार | १ | | | १ |
| नवजात शिशुको हत्या | | | १ | १ |
| बलात्कार | १ | ३ | १० | १४ |
| यौन दुर्व्यवहार | | | ४ | ४ |
| जम्मा | २ | ३ | १५ | २० |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **अपूर्ण** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | ५८ | १ | १ | १ | ६१ |
| बलात्कार | | | | ५ | ५ |
| बलात्कार प्रयास | | | | २ | २ |
| जम्मा | ५८ | १ | १ | ८ | ६८ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | ८ | ८ |

(स्रोत : इन्सेक, २०२३)

# ५.२.८ पर्सा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ६,५४,४७१ |
| महिला | ३,१६,१८५ |
| घर परिवार सङ्ख्या | १,१३,०१३ |
| घरजग्गामा महिलाको स्वामित्व | २७,४८८ |
| साक्षरता प्रतिशत | ६९.१२ |
| आश्रित जनसङ्ख्या | ३,३४,९३२ |
| अपाङ्गता भएका | ९,३४४ |

यस वर्ष पर्सा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा १६ जना पुरुष तथा ज्यादतीका घटनामा ३८ जना महिला र ११ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १६ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १८ जना महिला पीडित भए।

**झडपमा घाइते**

वीरगंज मनपा-४ को बिर्तास्थित बाल सुधार गृहमा ०८० पुस ५ गते राति झडप हुँदा सुधार गृहका क्याप्टेन २३ वर्षीय ललित भुजेल घाइते भएको जिल्ला प्रहरी कार्यालय, पर्साका डिएसपी ध्रुवकुमार श्रेष्ठले बताए। बाल सुधार गृहबाट चार जना बालकहरूलाई भक्तपुर बाल सुधार गृह लैजाने विषयमा विवाद हुँदा झडप भएको थियो। घाइते भुजेलको उपचार वीरगंजस्थित नारायणी अस्पतालमा भयो। बाल सुधार गृहको कार्यालयमा बालकहरूले तोडफोडसमेत गरेको बाल सुधार गृहका प्रमुख टिकाकृष्ण काफ्लेले बताए।

**कारागार र बन्दी**

जिल्ला कारागारको क्षमता ५० जना महिला र १ हजार जना पुरुषको छ। कारागारमा कैदीबन्दी १ हजार ४ सय ६४ जना छन्। जसमा महिला ६६ र पुरुष १ हजार ३ सय ९७ रहेका छन्। कारागारमा एक जना आश्रित बालिका छिन्। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि दुई जना दरबन्दी रहेकोमा एक जनाले सेवा प्रदान गरिरहेका छन्। कारागारमा तीन जना जटिल मानसिक रोगको र १५ जना सामान्य मानसिक रोगको औषधि उपचार गराइरहेका छन्। कारागारमा ३५ जना पुरुष र १० जना महिला गरी ४५ जना ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख फणिन्द्र दाहालले बताए। कारागारमा ८५ जना दीर्घरोगी छन्।

**बाल सुधार गृह**

वीरगंजस्थित बाल सुधार गृहको क्षमता ५० जनाको छ। तर, बाल सुधार गृहमा १ सय ३६ जना बालक छन्। बाल सुधार गृहमा बस्ने बालकले कारागार नियमावलीले तोकेको ७ सय ग्राम चामल र दैनिक ६० रुपियाँ पाउँदै आएका छन्। बालसुधार गृहमा एक जना स्टाफ नर्स कार्यरत रहेको कार्यालयका निमित्त प्रमुख कृष्ण साह गोढले बताए।

बाल सुधार गृहको कमजोर व्यवस्थापनका कारण २०८० भदौ २६ गते राति खानाको विषयलाई लिएर विवाद हुँदा भएको झडपमा नौ जना बालक र

**तालिका ५.२.८.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | १२ | १२ | १ | ७ | ८ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| हत्या | | | | ४ | २ | ६ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | ४ | ४ | | | |
| बाल अधिकार | नवजात शिशुको हत्या | | | | १ | १ |
| | बलात्कार | | | १३ | | १३ |
| | यौन दुर्व्यवहार | | | २ | | २ |
| | जम्मा | | | १५ | १ | १६ |
| महिला अधिकार | बेचबिखन तथा ओसारपसार प्रयास | | | १ | | १ |
| | घरेलु हिंसा | | | ५ | | ५ |
| | 'बोक्सीको आरोप' | | | २ | | २ |
| | बलात्कार | | | ८ | | ८ |
| | बलात्कार प्रयास | | | २ | | २ |
| | जम्मा | | | १८ | | १८ |
| **कूल जम्मा** | | १६ | १६ | ३८ | ११ | ४९ |

(स्रोत : इन्सेक, २०२३)

हजार २ सय ५४ थान मध्ये १ हजार ९ सय ५५ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ३ सय ८२ थान छन् भने देवानी मुद्दा ५ सय ७ थान बाँकी रहेको स्रेस्तेदार उद्धव ढोडारीले बताए।

### उच्च अदालत

१५ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा पाँच जना न्यायाधीशको दरबन्दी रिक्त छ। यस वर्ष देवानी मुद्दातर्फ १ हजार १ सय २४ थान, फौजदारी मुद्दातर्फ १ हजार १ थान र सुरू क्षेत्राधिकारबाट ५७ थान मुद्दा जिम्मेवारी सरेका थिए। यो वर्ष १ हजार २ सय १५ थान मुद्दा फैसला भए।

तीन जना प्रहरीसहित १२ जना घाइते भए। त्यस्तै, पुस ५ गते राति दोस्रो पटक झडप हुँदा एक जना बालक घाइते भए। बालसुधार गृहको कमजोर व्यवस्थापनकै कारण असोज १२ गते बिहान दुई जना बालकहरू बाल सुधार गृहको छतको तारजाली काटेर भागे।

कमजोर भौतिक पूर्वाधारका कारण बालसुधार गृहमा एउटा कोठामा २० जनासम्म बालक राख्नुपर्ने अवस्था रहेको कार्यालयका निमित्त प्रमुख कृष्ण साह गोढले बताए। गर्मीको समयमा श्वासप्रश्वासमा समस्या देखिने, छालासम्बन्धी रोग देखा पर्ने गरेको निमित्त प्रमुख गोढले बताए। उनका अनुसार बाल सुधार गृहले मधेस प्रदेशका आठ ओटै जिल्लाका अदालतलाई पत्राचार गरेर बाल सुधार गृहमा बालक नपठाउन आग्रह गरेको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

### जिल्ला अदालत

११ जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा एक जना न्यायाधीश काजमा रहेकोले रिक्त छ। यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार ६५ थान मध्ये ८ सय १५ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २

### बाल अधिकार

यस वर्ष पर्सा जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई जना, बलात्कारका घटनामा १३ जना बालिका र नवजात शिशुको हत्याका घटनामा एक जना बालक पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

### शिक्षाको अवस्था

जिल्लामा ३ सय ६३ आधारभूत र १ सय ५० माध्यमिक विद्यालय छन्। यस वर्ष ६३ हजार ९ सय ३० बालक, ६९ हजार ५ सय ४५ जना बालिका र नौ जना अन्य विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका दुई बालिका र एक बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ४० ओटा छन्। यस वर्ष जिल्लाभर २ हजार ५ सय ७६ दलित बालक र १ हजार ४८ दलित बालिका विद्यालय भर्ना भए।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४ सय ६८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला

गरिएका १ सय ९८, खानलाउन नदिएका १ सय ५०, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका ४५, दाइजो नल्याएको भनी हेला गरेको २० र सामान्य घरायसी झगडाका ५५ उजुरी छन्। यीमध्ये प्रहरीले ४ सय ३३ ओटामा मेलमिलाप गरायो भने ३५ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रका असई अजित सिंहले बताए।

यो वर्ष पर्सा जिल्लामा बलात्कारका घटनामा आठ, बलात्कार प्रयासका घटनामा दुई, बोक्सीको आरोप घटनामा दुई, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा एक र घरेलु हिंसाका घटनामा पाँच जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### पारिवारिक हत्या

वीरगंज मनपा-१४ बहुअरीकी ३५ वर्षीया महिमा खातुनलाई २०८० कात्तिक ४ गते पति ४७ वर्षीय इजहारुल अन्सारीले धारिलो हतियार प्रहार गरी घाइते बनाए। पीडितको हेल्थ केयर अस्पताल, वीरगञ्जमा उपचारका क्रममा कात्तिक ५ गते मृत्यु भयो। प्रहरीले पति इजहारुल अन्सारीलाई कात्तिक १३ गते र उनकी जेठी पत्नी नुरजहालाई कात्तिक १६ गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी कुमारविक्रम थापाले बताए। पीडित पक्षले कात्तिक ५ गते मृतकका पति, ६५ वर्षीय ससुरा फजल करिम मियाँ, ६३ वर्षीया सासू सरिफन खातुन र सौता नुरजहान विरुद्ध उजुरी दियो। जिल्ला अदालतले मङ्सिर ६ गते आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो। अन्य आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

### 'बोक्सी'को आरोप

वीरगंज मनपा-२४ की ७० वर्षीया पार्वतीयादेवी अहिरिनलाई २०८० असार २६ गते 'बोक्सी'को आरोपमा कुटपिट गरेको भन्दै प्रहरीले सोही ठाउँका ५० वर्षीय काशी राउत अहिर र उनका २५ वर्षीय छोरा ब्रजेश यादवलाई साउन २१ गते गिरफ्तार गऱ्यो। पीडितको उपचार असार २६ गते नारायणी उपक्षेत्रीय अस्पताल, वीरगंजमा भयो। जिल्ला अदालतले साउन २५ गते जनही ५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, ७९ ओटा स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र र चार नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा ५९ जना विशेषज्ञको दरबन्दीमा २१ जनाको दरबन्दी रिक्त छ।

**तालिका ५.२.८.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| नवजात शिशुको हत्या | १ | | १ |
| बलात्कार | ३ | १० | १३ |
| यौन दुर्व्यवहार | १ | १ | २ |
| जम्मा | ५ | ११ | १६ |

| बाल अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बेचबिखन तथा ओसारपसार प्रयास | १ | | १ |
| घरेलु हिंसा | २ | ३ | ५ |
| 'बोक्सी'को आरोप | | २ | २ |
| बलात्कार | ६ | २ | ८ |
| बलात्कार प्रयास | १ | १ | २ |
| जम्मा | १० | ८ | १८ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | ६ | ६ |

(स्रोत : इन्सेक, २०२३)